# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ५२ | काठमाडौं | आइतबार, ३१ जेठ २०८३ | Prabhab National Daily | Sunday, 14 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


# सुकुमबासीलाई स्थायी आवासको व्यवस्थापन गर्नबाट पन्छिँदै सरकार

- विस्थापित सुकुमबासीलाई ७० हजार राहत दिएर 'होल्डिङ सेन्टर'बाट बिदाइ गर्ने तयारी
- गृहमन्त्री गुरूङले होल्डिङ सेन्टरमा पुगेर माफी मागे, तर स्थायी पुनर्स्थापनाको समयसीमा दिन सकेनन्
- विस्थापितहरूको दैनिकी दिनप्रतिदिन कठिन बन्दै
- सरकारले झन् बिल्लिबाठ पार्न लागेको चिन्तामा बिस्थापित सुकुमबासी


फाइल तस्बिर

■ जेबी योञ्जन

**काठमाडौं–** वैशाख १२ गतेदेखि काठमाडौं उपत्यकाका विभिन्न स्थानमा रहेका सुकुमबासी बस्तीमा डोजर चलाएर हजारौं नागरिकलाई विस्थापित बनाएको वालेन्द्र सरकारले अझैसम्म उनीहरूको स्थायी व्यवस्थापन गर्न सकेको छैन । बरु विस्थापितहरूलाई अस्थायी आश्रयस्थल (होल्डिङ सेन्टर)बाट समेत बाहिर निकाल्ने तयारी गरिएको छ ।

गृहमन्त्री सुधन गुरुङले एकातिर विस्थापितहरूसँग सरकारको कमजोरी भएको स्वीकार्दै माफी मागेर सहानुभूति प्रकट गरिरहँदा अर्कातिर उनीहरूलाई केही राहत रकम उपलब्ध गराएर होल्डिङ सेन्टर खाली गराउने प्रक्रियामा सरकार अघि बढेको छ । यसले सुकुमबासी समस्या समाधान गर्ने प्रधानमन्त्री वालेन्द्र शाहको प्रतिबद्धतामाथि गम्भीर प्रश्न उठाएको छ ।

माफी मागेपछि गृहमन्त्री गुरुङले शुक्रबार काठमाडौंको गोंगबु क्षेत्रका होटलहरूमा आश्रय लिएर बसेका विस्थापित सुकुमबासीहरूसँग नीतिगतरूपमा व्यवस्थापन गर्न लागेको र त्यसका लागि समय चाहिने बताएका थिए । विस्थापितहरूको मुख्य चासो स्थायी पुनर्स्थापनामा भए पनि त्यसबारे उनले कुनै निश्चित समयसीमा तोक्न सकेनन् ।

विस्थापित ५० वर्षीया प्रमिला राईका अनुसार माफीभन्दा बढी आवश्यक सुरक्षित आवास, बालबालिकाको शिक्षा र भविष्यको सुनिश्चितता हो । हाल राधास्वामी आश्रम होल्डिङ सेन्टर कीर्तिपुरमा बस्दै आएकी उनले कलेजोसम्बन्धी गम्भीर रोगबाट पीडित आफ्नी छोरीको उपचार सुनिश्चितता पनि खोजेकी छन् ।



> बैंकका कर्मचारीहरु गएर विस्थापितहरुको खाता खोल्ने काम भइरहेको छ, खाता खोलिएपछि त्यहाँ राहत रकम हालिने छ र उहाँहरुको बिदाइ गर्नेछौं ।
>
> ■ **खगेन्द्र विष्ट**
> **समाजशास्त्री, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति**

तर, वालेन्द्र सरकारले तीन महिनासम्म प्रतिमहिना १५ हजार रूपैयाँका दरले ४५ हजार रूपैयाँ दिने र पुनर्स्थापनाका लागि थप २५ हजार रूपैयाँ गरी ७० हजार रूपैयाँ दिन लागेको छ । त्यसका लागि बैंकका कर्मचारीहरू आश्रयस्थलतिर पुग्न थालेका छन् । स्थायी आवास निर्माण गरेर सुकुमबासी समस्या समाधान दीर्घकालीनरूपमा गर्नेभन्दा पनि सरकार होल्डिङ सेन्टर खाली गराउनेतिर उन्मुख भएको देखिएको छ ।

विस्थापित सुकुमबासीहरूलाई अस्थायी आवासमा बसोबासको सहजीकरण गर्दै आएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका समाजशास्त्री खगेन्द्र विष्टले सरकारले ७० हजार रूपैयाँ राहत रकम वितरण भएपछि होल्डिङ सेन्टरबाट विस्थापितहरूलाई बिदा गरिने बताएका छन् ।


क्रमशः पृष्ठ २ मा


# भारतको 'अघोषित' प्रतिबन्धको मारमा नेपाली चिया

## निर्यात ठप्प, उद्योग बन्द गर्दै इलामका चिया उद्योगी

- नेपाली चिया थन्कियो भारतीय गोदाममै
- भारतको नयाँ नीतिः नेपाली चिया आयातमा कडाइ
- नेपालका उद्योगहरूमा १० लाख किलोभन्दा बढी चिया रोकियो
- चिया उद्योगी र किसान मारमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चिया निर्यात फेरि भारतीय नीतिगत कडाइको भुमरीमा परेको छ । भारतले हालै लागू गरेको नयाँ 'स्ट्याण्डर्ड अपरेटिङ प्रोसिजर' (एसओपी) का कारण नेपालबाट भारततर्फ निर्यात भइसकेको ठूलो परिमाणको चिया भारतीय गोदाममै रोकिएको छ भने नेपालका उद्योगहरूमा लाखौं किलो तयारी चिया थन्किएको छ ।

यसले पूर्वी नेपालको प्रमुख नगदेबाली चिया क्षेत्रलाई गम्भीर संकटतर्फ धकेलेको भन्दै उद्योगीहरूले भोलि असार १ गतेदेखि उद्योग बन्द गर्ने घोषणा गरेका छन् । इलामको सूर्योदय अर्थोडक्स टी प्रोडचुसर्स एसोसिएसन नेपालले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै असार १ गतेदेखि उद्योग बन्द गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको जानकारी दिएको हो ।


एसोसिएसनको प्रेस विज्ञप्तिअनुसार भारतीय चिया बोर्डले लागू गरेको नयाँ प्रक्रियाले नेपाली चियाको निर्यात ठप्प बनाएको छ । उद्योगीहरूका अनुसार हाल भारतमा पुगेको करिब दुई लाख किलोभन्दा बढी तयारी चिया विभिन्न गोदाममा रोकिएको छ भने नेपालका उद्योगहरूमा १० लाख किलोभन्दा बढी चिया मौज्दात रहेको छ ।

भारतीय चिया बोर्डले आयातीत चियाको प्रत्येक खेपमा अनिवार्य प्रयोगशाला परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । परीक्षणका लागि लगिएको नमूनाको रिपोर्ट आउन हप्तौं र कतिपय अवस्थामा महिनौं लाग्ने गरेको सूर्योदय अर्थोडक्स टि प्रोडचुसर्स एसोसिएसनले जनाएको छ ।

अझ रिपोर्ट नआएसम्म चिया बिक्री-वितरण गर्न नपाइने र गुणस्तरमा समस्या देखिए भारतीय गोदाममै चिया नष्ट गर्नुपर्ने व्यवस्था थपिएपछि व्यवसायीहरू थप चिन्तित बनेका छन् । सूर्योदयस्थित तारागाउँ टी उद्योगका सञ्चालक उत्तमकुमार प्रधान भारतीय कदमलाई सामान्य प्राविधिक प्रक्रिया नभई नेपाली चियालाई बजारबाट विस्थापित गर्ने रणनीतिका रूपमा हेर्छन् ।


क्रमशः पृष्ठ २ मा







**सन्दर्भः वैदेशिक रोजगार**

# सेवा शुल्क निर्धारण गर्न गठित कार्यदलले थाल्यो काम

■ ममता थापा

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि सेवा शुल्क निर्धारण गर्ने प्रक्रिया सुरु गरेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले उच्चस्तरीय कार्यदल बनाएर यसको काम थालेको हो ।

सेवा शुल्कको समस्या समाधानका लागि श्रममन्त्री रामजी यादवले जेठ २२ गते सात सदस्यीय कार्यदल बनाएर ३५ दिनभित्र सेवा शुल्क निर्धारण गरी सिफारिस गर्न निर्देशन दिएका छन् । योसँगै एक दशकभन्दा लामो समयदेखिको यो समस्या समाधान हुने आशा जगाएको छ ।

मन्त्रालयको वैदेशिक रोजगार व्यवस्थापन महाशाखाका प्रमुख तथा प्रवक्ता पिताम्बर घिमिरे संयोजक रहेको उक्त कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव, नेपाल राष्ट्र बैंकका उपसचिव, केन्द्रीय तथ्यांक कार्यालयका उपसचिव, चार्टर्ड एकाउन्टेन्ट, मन्त्रालयका सहसचिव गुरुदत्त सुवेदी र श्रमविद् रहेको जानकारी दिइएको छ ।

उक्त कार्यदलको पहिलो बैठक शुक्रबार बसेको संयोजक घिमिरेले बताए । सो क्रममा सेवा शुल्क निर्धारण गर्ने विषयमा कसरी अध्ययन गर्ने भनेर छलफल भएको उनको भनाइ छ । फ्रि-भिसासम्बन्धी नीतिको हालसम्मको अभ्यास, अन्य मुलुकले लिने सेवा शुल्कसम्बन्धी मापदण्डलगायतका विषयमा अध्ययनपछि सिफारिस गर्ने तयारी भएको उनले बताए ।



> गन्तव्य मुलुकमा नपुग्दासम्मको सेवा शुल्क, हालसम्म भएको १० हजार सेवा शुल्कको कार्यान्वयन, त्यसको प्रभाव, अन्तर्राष्ट्रिय अभ्यासहरु सबै हेरेर वैधानिक शुल्क के कसरी निर्धारण गर्न सकिन्छ भन्ने अध्ययन गर्छौं ।
>
> ■ **पिताम्बर घिमिरे**
> **संयोजक, सेवा शुल्क निर्धारण कार्यदल**


क्रमशः पृष्ठ २ मा


## 'श्रमिकको वर्गीकरण गरेर सेवा शुल्क तोक्नुपर्छ'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले श्रमिकको वर्गीकरण गरेर सेवा शुल्क निर्धारण गर्नुपर्ने बताएका छन् । सरकारले शुल्क निर्धारण गर्न गठन गरेको कार्यदललाई संघको तर्फबाट श्रमिकको वर्गीकरण गरेर सेवा शुल्क प्रस्ताव गरिने उनले बताए ।


डिकबहादुर खत्री

'अदक्ष कामदारको हकमा दुई महिनाको तलब, दक्ष कामदारलाई एक महिनाको तलब, विशेष दक्षता भएका कामदारलाई आधा महिनाको तलब र युरोपलगायत अति आकर्षक गन्तव्य मुलुकको हकमा एक महिनाको तलबबराबर सेवा शुल्क लिने प्रस्ताव राख्छौं,' उनले भने, 'यसरी शुल्क निर्धारण भएको अवस्थामा दक्ष कामदारले तिर्ने शुल्क कम र उसको आम्दानी बढी हुन्छ ।'

सरकारले दक्ष कामदार उत्पादनमा सहजीकरण गर्नुपर्ने खत्रीको भनाइ छ । संस्था सञ्चालनका लागि अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, अन्तरवार्ता सञ्चालन र कार्यालय व्यवस्थापनमा ठूलो खर्च हुने भएकाले श्रमिकबाट शुल्क लिन बाध्य भएको व्यवसायीहरूले बताउँदै आएका छन् ।




# नेपाल र चीनका सगरमाथा आरोही बेइजिङमा सम्मानित




**बेइजिङ (चीन)–** चीनको राजधानी बेइजिङमा आरोही तथा संघीय सांसद मिङ्माग्याबु शेर्पासहित नेपाल र चीन करिब ५० जना सगरमाथा आरोही सम्मानित भएका छन् ।

७३औं सगरमाथा दिवसका अवसरमा यहाँस्थित नेपाली राजदूतावासले शुक्रबार साँझ आयोजना गरेको 'नेपाल-चीन सगरमाथा (माउन्ट एभरेस्ट) एड्भेन्चर फेस्टिभल'मा आरोहीहरू सम्मानित भएको नेपाली दूतावासले जनाएको छ । पूर्वउपसभामुख इन्दिरा राना मगर र नेपाली राजदूतावासका कार्यवाहक राजदूत रोशन खनालले २९ चिनियाँ र २४ नेपाली आरोहीलाई सम्मानपत्र प्रदान गरेका थिए ।

नेपालका पर्वतीय पर्यटनको प्रवर्द्धन तथा नेपाली र चिनियाँ पर्वतारोहण तथा पर्यटन व्यवसायीबीच सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो । त्यस अवसरमा चीनका लागि नेपालका कार्यवाहक राजदूत खनालले सगरमाथाको महत्त्व, साहसिक पर्यटनको भावना तथा विश्व पर्वतारोहण समुदायको केन्द्रका रूपमा नेपालको भूमिकाबारे प्रकाश पारे । उनले यस्ता कार्यक्रमले नेपाल-चीन जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

प्रतिनिधिसभा सदस्य तथा सगरमाथा आरोही शेर्पाले नेपाल-चीन पर्यटन सहकार्यलाई अझ गहिरो बनाउनुपर्ने आवश्यकता औंल्याए । नेपाल पर्वतारोहण संघका अध्यक्ष फुरगेल्जे शेर्पाले पर्वतीय पर्यटन प्रवर्द्धनका लागि दुई देशबीच संयुक्त पहल आवश्यक रहेको बताए ।

नेपाली दूतावासका काउन्सलर विवेक रिजालले नेपालका पर्यटकीय गन्तव्यहरूको परिचय समेटिएको प्रस्तुति दिएका थिए । नेपालका कीर्तिमानी आरोही लाक्पाडेण्डी शेर्पा र चिनियाँ आरोहीद्वय चाङ माओलिङ र लोरिकाशीले सगरमाथा आरोहणको अनुभव साझा गरेका थिए । कार्यक्रमस्थलमा नेपालका पर्यटकीय गन्तव्यहरू स्थलको तस्बिरहरूको प्रदर्शनी गरिएको थियो ।

कार्यक्रममा चीनको परराष्ट्र मन्त्रालयका प्रतिनिधि, अन्तर्राष्ट्रिय पर्वतीय पर्यटनसम्बद्ध संस्थाका प्रतिनिधि, विभिन्न मुलुकका कूटनीतिज्ञ, चिनियाँ पर्यटन व्यवसायी तथा नेपाली समुदायका सदस्यसहित करिब २०० जनाको सहभागिता रहेको थियो । नेपालबाट नेपाल पर्वतारोहण संघ, आरोहण सञ्चालक संघ, सगरमाथा आरोही संघ, नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक संघका साथै आरोहण र पदमार्गसम्बन्धी दर्जनभन्दा बढी कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सोही अवसरमा नेपाल र चीनका पर्यटन उद्यमीबीच सहकार्य विस्तार गर्ने उद्देश्यले व्यवसायी-व्यवसायी नेटवर्किङ कार्यक्रम पनि आयोजना गरिएको थियो । *रासस*

# क्यान्भासमा उतारिए मध्यपुरका सम्पदा

**काठमाडौं–** मध्यपुर थिमिको संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले २५ जना कलाकारले क्यान्भासमा यहाँका २५ सम्पदा उतारेका छन् । गत शनिबारदेखि सुरु भएको 'चित्रकलामा मध्यपुरका सम्पदाहरू' शीर्षकको कार्यशाला आयोजना गरी कलाकारले चित्रण गरेका चित्रकला शनिबार यहाँको बोडेमा प्रदर्शन गरिएको छ ।

यहाँ २० वटा भौतिक र चारवटा अभौतिक सम्पदाका चित्र क्यान्भासमा सजिएका छन् । शनिबार बोडेस्थित मध्यपुर थिमी नगरपालिका वडा नं ८ को प्रांगण महालक्ष्मीस्थानमा उक्त चित्रकला प्रदर्शन गरिएको छ । मध्यपुर थिमि नगरपालिका-८ बोडेको आयोजना तथा एमेजिङ आर्ट एण्ड ट्रेनिङ सेन्टरको संयोजनमा उक्त कार्यक्रम सुरु भएको हो । कार्यशालामा शनिबारीय स्थलगत चित्रकला कार्यशाला अभियानको सहकार्य छ ।

शनिबारको प्रदर्शनीका अवसरमा मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले दैनिकरूपमा हिँड्दा देखिरहने क्षेत्रलाई क्यान्भासमा नियाल्दा छुट्टै आनन्द र मौलिकता देखिएको बताए । उनले यस क्षेत्रमा ७५० भन्दा बढी मूर्त अमूर्त सम्पदा रहेका जानकारी दिँदै यो चित्रकला कार्यशाला र प्रदर्शनीले पालिकाको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान गरेको उल्लेख गरे ।

यस क्षेत्रलाई पर्यटन विकास गर्ने योजनासहित कार्यशाला आयोजना गरिएको बताउँदै नगरप्रमुख श्रेष्ठले यहाँका कला, संस्कृति र पर्वहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसम्म देखाउन आवश्यक रहेको उल्लेख गरे । यस्ता कला कार्यशाला व्यापक बनाउनुपर्नेमा जोड दिँदै उनले त्यसका लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाए ।

मध्यपुर थिमि नगरपालिका-८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठले सम्पदाहरूको चित्र उतारेर सहयोग गर्ने कलाकारलाई धन्यवाद दिँदै जीवन्त सम्पदाको चित्रकलामा दस्तावेजीकरण भएको बताए । यहाँ भौतिक र अभौतिक सम्पदा धेरै रहेका भन्दै ती सम्पदाको प्रचारप्रसार नहुँदा बिक्री गर्न नसकिएको उल्लेख गरे । यस्ता कार्यक्रम आयोजना गरी पर्यटन प्रवर्द्धन गर्ने योजना रहेको जनाउँदै उनले पर्यटन क्षेत्रबाट आर्थिक रूपान्तरण गर्ने सोचका साथ काम थालिएको बताए । शनिबारीय चित्रकला कार्यशाला अभियानका कार्यक्रम संयोजक दिवेश प्रधानले शनिबार २५ वटा सम्पदालाई चित्रमा उतारेर हस्तान्तरण गरिएको जनाउँदै यसमार्फत प्रचारप्रसार भई पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गरे । *रासस*

पृष्ठ १ बाट क्रमशः

## सुकुमबासीलाई...

'बैंकका कर्मचारीहरू गएर विस्थापितहरूको खाता खोल्ने काम भइरहेको छ, खाता खोलिएपछि त्यहाँ राहत रकम हालिने छ र उहाँहरूको बिदाइ गर्नेछौं,' उनले प्रभावसँग भने । विष्टको भनाइले पनि सरकारको प्राथमिकता दीर्घकालीन पुनर्स्थापनाभन्दा पनि अस्थायी व्यवस्थापनको बोझ हटाउनतर्फ केन्द्रित रहेको देखिन्छ । कतिसम्म भने सरकारले होल्डिङ सेन्टरका रूपमा प्रयोग गरिरहेको नागार्जुनस्थित अपार्टमेन्टसमेत स्थायी बसोबासका लागि नभएको स्पष्ट पारेको छ । त्यहाँ अहिले १०७ जना विस्थापित बसिरहेका छन् । उनीहरूलाई पनि राहत रकम पाएपछि अपार्टमेन्टबाट हटाइने भएको छ ।

अर्थात्, राज्यले उपलब्ध गराएको आश्रयसमेत स्थायी होइन । राहत रकम पाएपछि उनीहरू पुनः कहाँ जाने भन्ने विषयमा सरकारसँग स्पष्ट उत्तर छैन । विस्थापितहरूको दैनिकी भने दिनप्रतिदिन कठिन बन्दै गएको छ । कीर्तिपुरको राधाश्वामी आश्रयस्थलमै रहेका विस्थापित डम्बर तामाङले भने, 'सरकारले के गर्छ ? कसो गर्छ ? यहाँ राखेको थुप्रै भयो । कुनै टुंगो छैन । हामीले यहाँ बस्न गाह्रो भइसक्यो ।'

कतिपय विस्थापित सुकुमबासी परिवारका बालबच्चाको पढाइ छुट्यो । मध्य वैशाखमा हटाएका कारण विद्यालय भर्ना गर्न नपाउँदा विद्यार्थीहरू प्रभावित भए । यस्ता समस्या सयौं विस्थापित सुकुमबासी परिवारमा देखिएका छन् । विस्थापितहरूको स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाजस्ता आधारभूत प्रश्नहरू अझै समाधान हुन सकेका छैनन् । सरकारका प्रवक्ता सस्मित पोखरेलले डोजर अभियान चलाउँदा १५ दिनभित्र वास्तविक भूमिहीनको पहिचान गर्ने र व्यवस्थापन प्रक्रिया अघि बढाउने दाबी गरेका थिए । तर, डेढ महिना बित्दा पनि त्यो काम पूरा भएको छैन । सरकारी निकायहरूबीच तथ्यांकमै एकरूपता नहुनुले पनि समस्या समाधानको प्रक्रिया कति अन्योलपूर्ण छ भन्ने देखाउँछ ।

बागमती सभ्यता एकीकृत विकास समितिका अनुसार हालसम्म दुई हजार ६११ घरधुरीका ११ हजार १०५ जना विस्थापित सम्पर्कमा आएका छन् । तीमध्ये विभिन्न होटल, होल्डिङ सेन्टर, तालिम केन्द्र र नागार्जुन अपार्टमेन्टमा आश्रित छन् । यता प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको तथ्यांकमा भने छ वटा सेन्टरमा केवल एक हजार ४८८ जनामात्र छन् । एउटै सरकारका दुई निकायबीच विस्थापितहरूको संख्यामा यति ठूलो अन्तर देखिनुले सरकारी अभिलेख व्यवस्थापनमै प्रश्न उठाएको छ । प्रधानमन्त्री कार्यालयले ९५ प्रतिशतभन्दा बढी विस्थापितको डिजिटल लगत संकलन सम्पन्न भएको दाबी गरिरहेको छ । तर, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारीहरू भने त्यो तथ्यांक अझै आफूहरूकहाँ नपुगेको बताउँछन् । जेठ १९ गते गठन गरिएको भूमि समस्या समाधान समितिको कार्यविधिसमेत अझै तयार भइसकेको छैन । मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टका अनुसार कार्यविधि निर्माणको काम जारी छ र उपत्यकाको समस्यालाई प्राथमिकतामा राखिएको छ । तर, कार्यविधि निर्माण कहिलेसम्ममा भइसक्छ ? सरकारसँगै स्पष्ट जवाफ छैन ।

यद्यपि, सरकारले सार्वजनिकरूपमा भने ठूलो महत्त्वाकांक्षी लक्ष्य प्रस्तुत गरेको थियो । ६० दिनभित्र एकीकृत डिजिटल लगत संकलन तथा प्रमाणीकरण सम्पन्न गर्ने र एक हजार दिनभित्र भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासी समस्या समाधान गर्ने घोषणा गरेको थियो । हालसम्मको प्रगति हेर्दा सरकार आफ्नै घोषणाअनुसार अघि बढ्न नसकेको देखिन्छ । तथ्यांक संकलन, प्रमाणीकरण, पुनर्स्थापनाको मोडालिटी र जग्गा व्यवस्थापन सबै प्रक्रिया अझै प्रारम्भिक चरणमै छन् ।

यसले सुकुमबासीहरू दोहोरो अन्योलमा परेका छन् । आफ्नो पुरानो बासस्थान गुमाइसकेका उनीहरूको नयाँ र दिगो बसोबासको कुनै सुनिश्चितता छैन । राहत रकम केही समयका लागि सहारा बन्न सक्छ तर त्यसले स्थायी आवास, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको प्रश्न समाधान गर्दैन । विस्थापित प्रमिला राई भन्छिन्, 'हामी बिल्लिबाठ हुन्छौं कि भन्ने चिन्ता छ ।'

■■■

## भारतको...

उनले प्रभावसँग भने, 'अन्तर्राष्ट्रिय संस्थाबाट अर्गानिक प्रमाणीकरण भएर तेस्रो मुलुकमा निर्यात भइरहेको चियामासमेत दोष देखाइएको छ । यदि त्यस्तो चियाको रिपोर्ट नै नकारात्मक आउँछ भने साधारण उद्योगको चियाको अवस्था के होला ?' उनी यसलाई गुणस्तरको विषयभन्दा पनि नेपाली चिया भारत जान नदिने रणनीतिजस्तो देखिएको बताउँछन् । नेपालबाट भारत पुगिसकेको चियासमेत बिक्री हुन नसक्दा उद्योगीहरू आर्थिकरूपमा थलिन थालेका छन् । भारतीय आयातकर्ताले चिया बिक्री गरेपछि मात्रै नेपाली निर्यातकर्तालाई भुक्तानी दिने प्रचलन छ । तर, गोदाममै चिया रोकिएपछि नेपाली उद्योगीहरूले रकम पाउन सकेका छैनन् ।

चिया व्यवसायी ज्ञानी लिम्बूका अनुसार निर्यात भएको चिया कोलकाता र सिलिगुढीका गोदाममा थन्किएको छ । उनी भन्छिन्, 'करिब २० दिनभन्दा बढी समयदेखि रिपोर्ट आएको छैन । बिक्री कहिले हुन्छ भन्ने टुंगो छैन ।' उनका अनुसार यस्तो अवस्था लामो समय रह्यो भने उद्योग सञ्चालन गर्नै सकिँदैन । त्यसैले उद्योग बन्द गर्ने विकल्पबारे सोचिरहेको उनी बताउँछिन् । उद्योगीहरूका अनुसार निर्यातमा आएको अवरोधको प्रत्यक्ष असर किसानसम्म पुग्न थालेको छ । उद्योगमा मौज्दात बढ्दै जाँदा किसानबाट खरिद गरिएको हरियो चियापत्तीको भुक्तानी दिनसमेत कठिन हुने अवस्था देखिएको छ । चिया क्षेत्रसँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जोडिएका हजारौं किसान, श्रमिक र साना व्यवसायीको आयआर्जन संकटमा पर्न सक्ने चिन्ता बढेको छ ।

नेपाल चिया उत्पादक संघका वरिष्ठ उपाध्यक्ष तथा चिया निर्यातकर्ता शिवकुमार गुप्ताले भारतीय पक्षले कानुनीरूपमा प्रतिबन्ध नलगाए पनि व्यवहारमा आयात निरुत्साहित गर्ने नीति अपनाएको आरोप लगाए । 'नेपाल र भारत दुवैतर्फका भन्सारबाट जाँचपास भइसकेपछि चिया भारतीय आयातकर्ताको गोदाममा पुग्छ,' उनले भने । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले भने हालसम्म भारतीय पक्षबाट कुनै औपचारिक जानकारी प्राप्त नभएको जनाएको छ । बोर्डका प्रवक्ता डा. दीपक खनालका अनुसार भारतीय निकायसँग आवश्यक कागजात माग गरिए पनि अहिलेसम्म उपलब्ध भएको छैन । 'अनौपचारिकरूपमा करिब ५० हजार किलोभन्दा बढी चिया परीक्षणका लागि रोकिएको जानकारी छ तर कुन मापदण्डका आधारमा परीक्षण भइरहेको छ भन्ने स्पष्ट छैन,' उनले भने ।

पूर्वी नेपालको इलाम, पाँचथर, धनकुटा र तेह्रथुम क्षेत्रमा उत्पादन हुने अर्थोडक्स चियाले पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय बजारमा राम्रो पहिचान बनाएको छ । भौगोलिक बनावट र मौसमका कारण नेपाली चियाको गुणस्तर दार्जीलिङ चियासँग प्रतिस्पर्धी मानिन्छ । यही कारण भारतीय उत्पादकहरू नेपाली चियाबाट असहज भएको उद्योगीहरूको विश्लेषण छ ।

■■■

## सेवा शुल्क...

'गन्तव्य मुलुकमा नपुग्दासम्मको सेवा शुल्क, हालसम्म भएको १० हजार सेवा शुल्कको कार्यान्वयन, त्यसको प्रभाव, अन्तर्राष्ट्रिय अभ्यासहरू सबै हेरेर वैधानिक शुल्क के कसरी निर्धारण गर्न सकिन्छ भन्ने अध्ययन गर्छौं,' कार्यदलका संयोजक घिमिरेले भने, 'यस क्रममा सबै व्यवसायी, विज्ञलगायत सरोकारवालासँग छलफल गरेर सुझाव लिन्छौं ।'

गत जेठ १९ गते मन्त्रालयमा वैदेशिक रोजगार व्यवसायी र श्रममन्त्री यादवबीच सेवा शुल्कलगायत अन्य समस्याका विषयमा छलफल भएको थियो । उक्त छलफलमा व्यवसायीहरूले 'फ्रि-भिसा, फ्रि-टिकट'को प्रावधान अव्यावहारिक भएको भन्दै यसको संशोधन नभएसम्म श्रमिक, व्यवसायी र राज्यले कुनै लाभ लिन नसक्ने बताएका थिए । उनीहरूले २०७२ सालबाट लागू भएको फ्रि-भिसा, फ्रि-टिकटको प्रावधान कार्यान्वयन गर्न नसकेको स्वीकारसमेत गरेका थिए । कानुनी जटिलताका कारण व्यवसायी र श्रमिक मारमा परिरहेकाले यसलाई यथाशीघ्र संशोधन गर्नुको विकल्प नभएको उनीहरूको भनाइ थियो ।

तत्कालीन सरकारले २०६० वैशाख २४ गतेदेखि खाडी मुलुकका लागि ७० हजार र मलेसियाका लागि ८० हजार रूपैयाँ सेवा शुल्क लिन पाउने व्यवस्था गरेको थियो । त्यसपछि २०७२ जेठ २६ गतेबाट कार्यान्वयनमा आउनेगरी राज्यमन्त्रीस्तरीय निर्णयबाट फ्रि-भिसा, फ्रि-टिकटको प्रावधान लागू भयो । उक्त प्रावधानअनुसार प्रतिकामदार १० हजार रूपैयाँभन्दा बढी सेवा शुल्क लिन पाइँदैन ।

तर, व्यवसायीहरूले १० हजार रूपैयाँ शुल्कमा श्रमिक पठाउन नसक्ने बताउँदै आएका छन् । व्यवसायीहरूले अवैधानिकरूपमा लाखौं रकम श्रमिकबाट लिइरहेको तथ्य लुकेको छैन । तर, त्यसरी लिइने रकमको बिल भर्पाइ केही हुँदैन, जसकारण श्रमिकले ठूलो मार व्यहोर्दै आएका छन् । हाल रोजगारीमा जाने श्रमिकमध्ये करिब पाँच प्रतिशतमात्र फ्रि-भिसामा गइरहेको बताइन्छ ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०२/३१**

**भिजन कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लि.** को मिति २०८३/०२/२४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भिजन जापानिज ल्याङ्ग्वेज सेन्टर प्रा. लि. (दर्ता नं. ३३७४३५)** कायम गर्ने गरी मिति २०८३/०२/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/३१ गते**

यस कम्पनीको मिति २०८२/०९/१५ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **धुम्रबाराही इन्टरप्राईजेज् प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री आर.श्री ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि.नं. १२६८०२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०२/२६ गते का. जि. ता. न. पा. १० मनमैजुबाट रातो-कालो रङ्गको बजाज कम्पनीको पल्सर २२० सि.सि.को मोटरसाइकल अन्दाजी बिहानको २:३० बजेको समयमा हराएको हुँदा भेट्नुहुने अथवा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**निवेदकको नाम : लोक बहादुर तामाङ्ग**
**मोटरसाइकल नं. : बा.प्र ०२-०६५ प ८५९६**
**च्यासिस नं. : MD2ABEX0TCK 82145**
**इन्जिन नं. : DKxcTE22795**
**ठेगाना : का. जि. ता. न. पा. १० मनमैजु**
**सम्पर्क नं. : ९८४३७७४३३०**

### ३५ दिने सार्वजनिक सूचना

यस नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **ओम ओभरसिज (ई.प.नं.१५४८/०७४/०७५)** मार्फत वैदेशिक रोजगारीमा गएका देहायका व्यक्तिहरूको हकदाबी/उजुरी सम्बन्धी निवेदन वैदेशिक रोजगार विभागमा दर्ता भई हालसम्म 'तामेली' अवस्थामा रहेको जानकारी प्राप्त भएको छ ।

उक्त हकदाबी तथा उजुरी सम्बन्धी विषयहरु यस कम्पनी र सम्बन्धित पक्षबीच आपसी समझदारी तथा सहमतिबाट मिलापत्र भइसकेको हुँदा यदि देहायका व्यक्तिहरु वा निजहरूको तर्फबाट कुनै बाँकी हकदाबी, दाबी, विरोध वा गुनासो रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस कम्पनीको कार्यालयमा सम्पर्क गरी आफ्नो दाबी पेश गर्नुहुन सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तोकिएको अवधिभित्र कुनै दाबी, विरोध वा गुनासो प्राप्त नभएमा सम्बन्धित उजुरी तथा हकदाबी विषय पूर्ण रुपमा समाधान भएको मानी कम्पनीको अभिलेखबाट आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ३१ जेठ, २०८३

| | |
|---|---|
| मेष | नयाँ अवसर प्राप्त हुन सक्छ । काममा आत्मविश्वास बढ्नेछ र साथीभाइको साथ मिल्नेछ । |
| वृष | आर्थिक पक्ष सुदृढ बन्ने संकेत छ । पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । |
| मिथुन | बोली र व्यवहारले अरूको मन जित्नुहुनेछ । नयाँ जानकारी वा अवसर प्राप्त हुन सक्छ । |
| कर्कट | अध्ययन तथा सिर्जनात्मक कार्यमा रुचि बढ्नेछ । मनमा रहेको जिज्ञासाको समाधान मिल्न सक्छ । |
| सिंह | पुराना अनुभवबाट लाभ मिल्नेछ । निर्णय गर्दा धैर्य अपनाउनु राम्रो हुनेछ । |
| कन्या | अधुरा काम पूरा हुने योग छ । व्यवस्थित रूपमा अघि बढ्दा सफलता प्राप्त हुनेछ । |
| तुला | नयाँ योजना बन्न सक्छ । शुभ समाचारले दिन उत्साहपूर्ण रहनेछ । |
| वृश्चिक | पारिवारिक सम्बन्ध सुदृढ बन्नेछ । आत्मीय व्यक्तिसँगको भेटघाट लाभदायी रहनेछ । |
| धनु | नयाँ विचार र अवसरतर्फ आकर्षण बढ्नेछ । यात्राको सम्भावना पनि देखिन्छ । |
| मकर | आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ । निर्णयमा दृढ रहँदा फाइदा हुनेछ । |
| कुम्भ | व्यस्तता बढे पनि काम सफलतापूर्वक सम्पन्न हुनेछन् । प्राथमिकता निर्धारण गर्नु आवश्यक छ । |
| मीन | मानसिक शान्ति प्राप्त हुनेछ । एकान्तमा बिताएको समयले नयाँ ऊर्जा प्रदान गर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३१ जेठ, २०८३ (१४ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.१३ | १५२.७३ |
| युरो | १ को | १७५.६१ | १७६.३० |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.६२ | २०४.४२ |
| स्विस फ्रेन्क | १ को | १९०.४५ | १९१.२० |
| अस्ट्रेलियन डलर | १ को | १०६.५५ | १०६.९७ |
| क्यानाडियन डलर | १ को | १०९.२१ | १०९.६४ |
| सिङगापुर डलर | १ को | ११८.११ | ११८.५७ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | २२.४४ | २२.५३ |
| साउदी अरब रियाल | १ को | ४०.५३ | ४०.६९ |
| कतारी रियाल | १ को | ४१.७३ | ४१.८९ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४२ | ४१.५८ |
| मलेसियन रिङेट | १ को | ३७.३८ | ३७.५३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | १६.०२ | १६.०८ |
| डेनिस क्रोनर | १ को | २३.४९ | २३.५९ |
| हङकङ डलर | १ को | १९.४१ | १९.४९ |
| कुवेती दिनार | १ को | ४९५.१३ | ४९७.०९ |
| बहराइन दिनार | १ को | ४०३.४५ | ४०५.०४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**भित्तेचित्र कोर्दै कलाकार** | नेपालगञ्जका सरकारी तथा सार्वजनिक स्थलका पर्खालमा भित्तेचित्र बनाउँदै कलाकार । नेपालगञ्ज उपमहानगरपालिकाले सहरको कला, संस्कृति र परम्परा झल्किने गरी सुन्दरता बढाउन भित्तेचित्र अभियान सञ्चालन गरेको छ । *तस्बिरः रासस*

# १८ हजार बालबालिकामा शीघ्र कडा कुपोषण

**काठमाडौं–** सरकारले सञ्चालन गरेको 'राष्ट्रिय पोषण लेखाजोखा अभियान'का क्रममा करिब १८ हजार बालबालिका शीघ्र कडा कुपोषणबाट ग्रसित देखिएका छन् । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बालबालिकाको पोषणको अवस्था पत्ता अभियान सञ्चालन गरेको हो ।

उक्त अभियानको तथ्यांक सार्वजनिक गर्दै १८ हजार ३०९ बालबालिकामा कडा शीघ्र कुपोषण देखिएको स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लिलाविक्रम थापाले जानकारी दिए । उनका अनुसार अभियानको क्रममा १० लाख ३५ हजार २०१ बालबालिकामा परीक्षण गरिएकामा १८ हजार ३०९ जना बालबालिका शीघ्र कडा कुपोषितबाट ग्रसित देखिएका हुन् ।

जाँच गर्दा ८८ हजार २०५ बालबालिकामा शीघ्र कुपोषित रहेका पाइएको पोषण शाखा प्रमुख थापाले बताए । सरकारले गत वैशाख १५ देखि जेठ १५ गतेसम्म छ महिनादेखि ५९ महिनासम्मका बालबालिकाको पोषण अवस्था जाँच गर्न, शीघ्र कुपोषणको समयमा पहिचान र उपचार गर्न अभियान सञ्चालन गरेको उनले जानकारी दिए ।

'यसपटक हामीले देशभरि नै अभियान सञ्चालन गरेको हुनाले कडा शीघ्र कुपोषण भएका बालबालिका धेरै देखिएका हुन्,' पोषण शाखा प्रमुख थापाले भने, 'शीघ्र कडा कुपोषण संख्या धेरै देखिएकाले आगामी दिनमा सोहीअनुसार योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्नेछौं ।'

कडा शीघ्र कुपोषण सबैभन्दा बढी मधेस प्रदेशका आठ हजार ३८०, लुम्बिनीमा तीन हजार १५, सुदूरपश्चिममा एक हजार ७५८, कोशीमा एक हजार ५९०, कर्णालीमा एक हजार ५०३, बागमतीमा एक हजार ४०१ र गण्डकी प्रदशेमा ६६२ जनामा देखिएको उनले जानकारी दिए । उनका अनुसार कडा शीघ्र कुपोषण भएका बालबालिका ख्याउटे, करङ देखिने खालका हुन्छन् ।

यस्तो किसिमको कुषोषण लागेका बालबालिकालाई 'तयारी उपचारात्मक खाना' दिने भएकाले उक्त तयारी खाना खाएपछि बालबालिका स्वस्थ्य हुने पोषण शाखा प्रमुख थापाले बताए । तयारी खाना दिँदा पहिलेको अवस्थामा नआएका बालबालिकाका लागि देशभर २५ वटा पुनःस्थापना केन्द्रमार्फत आमा र बच्चा दुवैलाई दैनिकरूपमा हेरेर तयारी खाना खुवाउने गरिएको उनले जानकारी दिए ।

यस्तै शीघ्र कुपोषण पनि सबैभन्दा बढी मधेस प्रदेशमा ३८ हजार ९४८ जना बालबालिकामा देखिएको पोषण शाखा प्रमुख थापाले जानकारी दिए । उनका अनुसार लुम्बिनीमा १७ हजार ८७९, सुदूरपश्चिममा नौ हजार ३४४, कोशीमा छ हजार ५९६, बागमतीमा छ हजार ४८०, कर्णालीमा पाँच हजार ९८९ र गण्डकी प्रदेशमा दुई हजार ९६९ जनामा देखिएको छ । शीघ्र कुपोषण भएका बालबालिका दुब्लाउने, उमेरअनुसार तौल नहुने, लुरे हुने गर्दछन् ।

सरकारले आगामी वर्षदेखि बालबालिका र आमाको पोषणको अवस्था 'राष्ट्रिय पोषण लेखाजोखा अभियान'लाई नियमित कार्यक्रममा समावेश गर्ने तयारी गरिसकेको शाखाका प्रमुख थापाले जानकारी दिए । *रासस*

# आइतबार पनि सेवा दिँदै नेपाल आँखा अस्पताल



**काठमाडौं (प्रस)–** त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले बिदाको दिन आइतबार पनि नियमित सेवा सञ्चालन भइरहेको जनाएको छ ।

नेपालकै पहिलो आँखा अस्पतालका रूपमा परिचित यस अस्पतालले आइतबारदेखि शुक्रबारसम्म नियमितरूपमा सेवा उपलब्ध गराउँदै आएको छ । अस्पतालमा हरेक दिन बिहान ८:३० बजेदेखि बिरामी दर्ता सुरु हुने र दिउँसो ३ बजेसम्म विशेषज्ञ चिकित्सकद्वारा जाँच तथा उपचार सेवा प्रदान गरिने व्यवस्था गरिएको अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाइँले जानकारी दिए ।

अस्पतालले आधुनिक पूर्वाधार, अत्याधुनिक उपकरण तथा अनुभवी नेत्ररोग विशेषज्ञ, अप्टोमेट्रिस्ट, नर्सिङ तथा प्राविधिक जनशक्तिमार्फत आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । अस्पतालमा हाल १६ जना नेत्र विशेषज्ञ, एक जना एनेस्थेसियोलोजिस्ट, सात जना अप्टोमेट्रिस्ट, तीन जना फेलोसमेत गरी जम्मा १५० जना कर्मचारी छन् । अस्पतालमा दैनिक करिब ७०० देखि ९०० बिरामीले सेवा लिने गरेका छन् भने मोतिबिन्दु, रेटिना, जलबिन्दु, कर्निया तथा बाल आँखा रोगसम्बन्धी जटिल उपचार तथा शल्यक्रियासमेत नियमित रूपमा सञ्चालन हुने गरेको छ ।

अस्पतालबाट बहिरंग सेवा, विशेषज्ञ परामर्श सेवा, मोतिबिन्दु क्लिनिक, बाल आँखा सेवा, अर्थोप्टिक्स सेवालगायतका विविध उपचार सेवा उपलब्ध छन् । त्यसैगरी, २४ सै घण्टा आकस्मिक सेवा तथा अन्तरंग (इन–पेसेन्ट) सेवा सञ्चालनमा रहेकाले आकस्मिक अवस्थामासमेत बिरामीले निरन्तर सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । शल्यक्रिया सेवाअन्तर्गत मोतिबिन्दु, रेटिना, ग्लुकोमा, कर्निया तथा बाल नेत्ररोगसम्बन्धी शल्यक्रियाहरू नियमितरूपमा सञ्चालन भइरहेको छ ।

# अध्ययन भिसा सिफारिस प्रकरणमा छानबिन गर्न समिति गठन

**काठमाडौं (प्रस)–** शिक्षा तथा खेलकुद मन्त्रालयले अध्ययन भिसा सिफारिसका विषयमा कर्मचारीको संलग्नताका सम्बन्धमा छानबिन गर्न तीन सदस्यीय समिति गठन गरेको छ ।

अध्ययन भिसा सिफारिसका सम्बन्धमा पेस गरिएका पत्र तथा कागजात नक्कली भएकोबारेमा मन्त्रालयका कर्मचारीहरूको सम्भावित संलग्नता छानबिन गर्न मन्त्रीस्तरीय निर्णयअनुसार समिति गठन गरिएको जनाइएको छ । मन्त्रालयका सहसचिव चन्द्रकान्त भुसालको संयोजकत्वमा समिति गठन गरिएको हो । समितिका सदस्यमा मन्त्रालयकै उपसचिव (कानुन) गोपीकृष्ण रेग्मी र शाखा अधिकृत गुणराज भट्टराई रहेका छन् ।

समितिलाई घटनासँग सम्बन्धित मन्त्रालयका कर्मचारीहरूको भूमिका तथा जिम्मेवारीबारे आवश्यक अनुसन्धान गरी सात दिनभित्र प्रतिवेदन पेस गर्ने कार्यादेश दिइएको मन्त्रालयले जनाएको छ । अध्ययन भिसा सिफारिस प्रक्रियामा कर्मचारीहरूको संलग्नता, कागजात प्रमाणीकरणको अवस्था तथा प्रक्रियागत कमजोरीबारे समितिले अध्ययन गर्ने छ ।

मन्त्रालयका अनुसार वाल्मीकि विद्यापीठको नामबाट अध्ययन भिसा सिफारिसका सम्बन्धमा पेस गरिएका पत्र तथा कागजातहरू नक्कली रहेको देखिएपछि छानबिन प्रक्रिया अघि बढाइएको हो । सोही आधारमा मन्त्रालयले यसअघि सिफारिस गरिएका विदेशी नागरिकहरूको भिसासम्बन्धी थप प्रक्रिया अगाडि नबढाउन सम्बन्धित निकायलाई अनुरोध गरिसकेको छ ।

मन्त्रालयले अध्ययन भिसा प्रणालीको विश्वसनीयतासँग जोडिएको यस घटनालाई गम्भीर रूपमा लिँदै अनुसन्धानको निष्कर्षका आधारमा थप प्रशासनिक तथा कानुनी निर्णय लिइने पनि स्पष्ट गरेको छ ।

यसअघि अध्ययन भिसा सिफारिस प्रक्रियामा शंकास्पद कागजात र नक्कली रसिद प्रयोग भएको आशंका देखिएपछि गृह मन्त्रालयलाई पत्राचार गरेको थियो । मन्त्रालयले उक्त घटनालाई अध्ययन भिसा प्रणालीको विश्वसनीयतासँग जोडिएको गम्भीर विषयका रूपमा लिँदै अनुसन्धानको निष्कर्षका आधारमा आवश्यक प्रशासनिक तथा कानुनी निर्णय गरिने जनाएको छ ।

# काभ्रे बस दुर्घटनासम्बन्धी छानबिन गर्न बनाइयो समिति

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीले काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका–२ बुच्चाकोटमा शुक्रबार भएको बस दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन छानबिन समिति गठन गरेको छ । प्रहरी प्रधान कार्यालयले शनिबार उक्त दुर्घटनाको छानबिन गर्न नेपाल प्रहरी प्रदेश कार्यालय, काभ्रेका प्रहरी वरिष्ठ उपरीक्षक कमल थापाको संयोजकत्वमा छ सदस्यीय छानबिन समिति गठन गरेको हो ।

बनेपाबाट रोशी खार्पाचोकतर्फ जाँदै गरेको बा३ख ८३९८ नम्बरको बस अनियन्त्रित भई सडकबाट करिब ३०० मिटर तल खसेर दुर्घटना हुँदा बसमा सवार आठ यात्रुको घटनास्थलमा मृत्यु भएको थियो । दुर्घटनामा घाइते भएका १६ जना यात्रुको धुलिखेल अस्पतालमा उपचार भइरहेको छ ।

समितिले घटनाको वास्तविक अवस्था, कारण तथा जिम्मेवार पक्ष पहिचान गरी सत्य, तथ्य छानबिन गरी सात दिनभित्र प्रतिवेदन पेस गर्नुपर्ने प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

मृतक सबैको सनाखत

बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरस्थित बुच्चाकोटमा शुक्रबार दिउँसो भएको यात्रुवाहक बस दुर्घटनामा मृत्यु भएका आठै जनाको पहिचान खुलेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

रोशी गाउँपालिका–६ का ७३ वर्षीय मेघबहादुर तामाङ, सोही स्थानका ५५ वर्षीय राजु तामाङ र ७५ वर्षीय इन्द्रबहादुर तामाङ, रोशी–७ की ३४ वर्षीया फूलमाया तामाङ, सोही स्थानकी ६० वर्षीया माया तामाङ, रोशी–८ की ६० वर्षीया प्यारीमाया तामाङ, दैलेख घर भई त्रिनेत्र दल गण भकुण्डेवैंशीमा कार्यरत नेपाली सेनाका ३० वर्षीय अमलदार बमबहादुर भण्डारी र सिन्धुलीको घ्याङ्लेक गाउँपालिका–४ निवासी २२ वर्षीया सुमी तामाङको घटनास्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक रविन विष्टले जानकारी दिए ।


**कुवेतमा रोजगार** कम्पनी : JUST MANGOSHA RESTAURANT COMPANY शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०२/२९ चलानी नं.: ६०२५६७५३ LT.No.: 343456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DRIVERS (LIGHT) | 20 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६९,६७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2. | Preparer | 70 | 30 | | 150 | ७४,६५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ जेठ ७ गते (21 June, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



**साउदीमा रोजगार** कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO
पूर्व स्वीकृति मिति : २०८२/११/०५ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/३० LT. No. 339201 चलानी नं. ६०२५२६६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 33 | 0 | 1000 | ४०,५०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:
Kathmandu, Kathmandu Menopolitian City, World Net Skill Training Center : मितिः २०८३ असार ८ गते (22th June 2026) मा हुनेछ ।
Sunsari, Itahari Sub-metropolitian City, Sunsari Training Center : मितिः २०८३ असार ९ गते (23th June 2026) मा हुनेछ ।
Siraha, Golbazar Municipality, Maa Dhamini Training Center : मितिः २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।
Siraha, Mirchaiya Municipality, Mirchaiya Technical And Training Center : मितिः २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११८२/०७३/७४
YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal, Tel: +014489104, 014488104



**साउदीमा रोजगार** कम्पनी : CREATIVE GATE CAFE FOR SERVING BEVERAGES शहर : Jeddah
पूर्व स्वीकृति मिति : २०८३/०२/२९ LT. No. 343451 चलानी नं. ६०२५६७५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Service Agent | 1 | 0 | 1000 | ४०,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ७ गते (21st Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



**युएइमा रोजगार** कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०२/२९ LT. No. 343416 चलानी नं. ६०२५६७५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 25 | 25 | 1000 | ४१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ७ गते (21st Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LION RECRUITMENT SERVICES PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082


## नेपाल–भारत सीमास्तम्भ मर्मतको समीक्षा

# संयुक्त संयन्त्रलाई सक्रिय बनाउने सहमति

**सुरुंगा (झापा)–** नेपाल–भारत सीमा क्षेत्रमा रहेका सीमास्तम्भको संरक्षण, मर्मत तथा पुनर्निर्माणलाई तीव्रता दिने उद्देश्यले दुवै देशका अधिकारीबीच झापाको विर्तामोडमा संयुक्त समीक्षा बैठक सम्पन्न भएको छ ।

नापी विभाग, सीमा शाखा काठमाडौंको आयोजनामा भएको बैठकमा पूर्वी नेपालका झापा, इलाम, पाँचथर र ताप्लेजुङसँग जोडिएका सीमा क्षेत्रमा सञ्चालित फिल्ड कार्यको प्रगति मूल्यांकन गरिएको थियो । हालै सम्पन्न बैठकमा संयुक्त टोलीले पछिल्ला तीन महिनामा गरेका कामको विवरण प्रस्तुत गर्दै मर्मत गरिएका तथा पुनर्निर्माण आवश्यक रहेका सीमास्तम्भबारे जानकारी गराएको थियो ।

सीमासम्बन्धी प्राविधिक विषयमा नियमितरूपमा हुने बैठकले सीमांकनको स्पष्टता कायम राख्न तथा सीमास्तम्भको संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । सीमा क्षेत्रमा देखिएका प्राविधिक समस्याको समाधान, आवश्यक समन्वय तथा आगामी कार्ययोजनाबारे पनि छलफल भएको थियो ।

नापी विभागका प्रमुख नापी अधिकृत हरेराम यादवले सीमास्तम्भको मर्मत र पुनर्निर्माणसम्बन्धी द्विपक्षीय समझदारीअनुसार अघि बढिरहेको जानकारी दिए । उनका अनुसार फिल्डमा खटिएका संयुक्त प्राविधिक टोलीले स्थलगत निरीक्षणपछि तयार पारेका प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिने अभ्यास जारी छ ।

जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक विजय चौहानले नेपाल–भारत सीमासम्बन्धी द्विपक्षीय फिल्ड कार्यअन्तर्गतको सर्भे बैठक बिर्तामोडमा सम्पन्न भएको जानकारी दिए । सीमा व्यवस्थापनसँग सम्बन्धित विभिन्न निकायबीचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा पनि छलफल उनको भनाइ छ ।

बैठकमा झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईं र अञ्जन न्यौपाने, नापी अधिकृत शिवप्रसाद लम्साल, डिभिजन वन अधिकृत नथुनी गोहीयारी यादव, सशस्त्र प्रहरी उपरीक्षक अम्बिकाप्रसाद जोशी तथा प्रहरी उपरीक्षक वसुन्धरा खड्का सहभागी थिए ।

त्यसैगरी, इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल, प्रहरी उपरीक्षक कुलदीप चन्द, सशस्त्र प्रहरी नायब उपरीक्षक हेम पौडेल, डिभिजन वन अधिकृत राजकुमार खत्री, सहायक अनुसन्धान अधिकृत सुशान्त बराल तथा सशस्त्र प्रहरी उपरीक्षक केशवराज प्याकुरेलको सहभागिता थियो ।

ताप्लेजुङबाट सहायक प्रमुख जिल्ला अधिकारी यादव भट्टराई, कार्यवाहक डिभिजन वन अधिकृत ललितकुमार यादव, प्रहरी नायब उपरीक्षक उमेश जोशी र सशस्त्र प्रहरी नायब उपरीक्षक प्रमोदप्रकाश पाठक सहभागी थिए । पाँचथरबाट प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल, प्रमुख अनुसन्धान अधिकृत दुर्गाप्रसाद चापागाईं, प्रहरी नायब उपरीक्षक अनिशकुमार कर्ण, डिभिजन वन अधिकृत पशुपति दाहाल तथा सशस्त्र प्रहरी नायब उपरीक्षक चिरञ्जीवी प्रसाईंको उपस्थिति थियो ।

भारतीय पक्षबाट विहार राज्यको किशनगन्ज जिल्लाका 'डिस्ट्रिक्ट मजिस्ट्रेट' विशालराज, सशस्त्र सीमा बल (एसएसबी) का १९औं बटालियनका कमाण्डेन्ट योगेशकुमार सैनी, ३६औं बटालियनका कमान्डेन्ट सञ्जीव कुमार, उपकमाण्डेन्ट अभिजित दास, आठौं बटालियनका कमाण्डेन्ट वसन्त सामी तथा सर्वेक्षक अधिकृत सन्तोष प्रसाद र हिमाद्री शेखर चक्रवर्तीलगायत अधिकारी सहभागी थिए ।

नेपाल र भारतबीच सीमासम्बन्धी प्राविधिक विषयमा समय–समयमा संयुक्त बैठक आयोजना हुने गरेको छ । सीमास्तम्भको संरक्षण र व्यवस्थापनलाई व्यवस्थित बनाउँदै सीमावर्ती क्षेत्रमा पारस्परिक सहकार्यलाई सुदृढ गर्ने उद्देश्यले बैठकले आगामी कार्ययोजनासमेत तय गरेको छ । *रासस*

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सगरमाथा जोगाउन ढिला नगरौं

नेपालको गौरवको रूपमा उभिएको विश्वको सर्वोच्च शिखर सगरमाथा दिनानु दिन संकटमा पर्दै गएको छ । विश्वकै अनुपम प्राकृतिक सम्पदा, मानवीय साहस, चुनौती र अद्वितीय सौन्दर्यको साझा प्रतीकका रूपमा लिइने सगरमाथा पछिल्ला वर्षहरूमा विश्वव्यापी जलवायु परिवर्तन र मानवीय लापरवाहीको दोहोरो चपेटामा परेको छ । यही कारण सगरमाथाले आफ्नो रैथाने स्वरूप गुमाउँदै गएको छ । हिमनदीहरू तीव्र गतिमा पग्लिनु र हिउँको तह घट्दै जानु सम्पूर्ण मानव जगत् र विशेषगरी नेपालका लागि गम्भीर खतराको घण्टी हो ।

आरोहीहरूका अनुसार विगतमा आधार शिविरबाट पाँच मिनेटमात्र हिँड्दा भेटिने हिउँका ढिक्काहरू हेर्न अहिले डेढ घण्टाभन्दा बढी हिँड्नुपर्छ । सगरमाथा विस्तारै नांगा चट्टान र काला पत्थरहरूमा परिणत हुँदै छ । यसरी हिउँ पग्लिएर बरफको संरचना अस्थिर बन्दा विशेषगरी खुम्बु आइसफल क्षेत्रमा चिरा र दरारहरू थपिँदै गएका र त्यसले आरोहणलाई झन् बढी कठिन र जोखिमपूर्ण बनाएको आरोहीहरूको भनाइ छ । मौसममा आउने अचानक उतारचढावले पर्वतारोहीहरूको सुरक्षामा गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ । यदि यही गतिमा हिउँ पग्लिने क्रम जारी रहने हो भने हाम्रा आगामी पुस्ताले हिउँविनाको फुस्रो सगरमाथामात्र देख्नुपर्ने दुर्भाग्यपूर्ण दिन नआउला भन्न सकिन्न ।

सगरमाथाको अर्को डरलाग्दो चित्र फोहोर व्यवस्थापनको संकट हो । क्याम्प २ सम्म केही हदसम्म सरसफाइ देखिए पनि क्याम्प ३ र 'डेथ जोन' मानिने क्याम्प ४ को अवस्था चिन्ताजनक रहेको आरोहीहरू बताउँछन् । दशकौं पुराना पाल, अक्सिजन सिलिण्डर र प्लास्टिकका फोहोरहरू हिमालको गर्भमा थुप्रिँदै जाँदा सगरमाथाको गरिमा धमिलिएको छ । सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) जस्ता संस्थाहरूले प्रयास गरे पनि माथिल्लो क्षेत्रको सफाइ अझै ठूलो चुनौती बनिरहेको छ ।


हिमाली क्षेत्रको यो संकट दृश्य परिवर्तनमामात्र सीमित छैन, यसले मुलुकको पर्यटन उद्योग र समग्र अर्थतन्त्रमा धक्का पुऱ्याउँदछ । किनभने सगरमाथा र अन्य हिमालहरूकै कारण नेपालको पर्यटन उद्योग मुलुकको अर्थतन्त्रका मुख्य खम्बा बन्न सक्ने स्थितिमा छ । सगरमाथा र अन्य हिमालको रोयल्टीबापत अहिले वार्षिक अर्बौं रूपैयाँ आम्दानी गरिरहेको छ । यसलाई अझ बढाउनसक्ने प्रशस्त सम्भावना रहेको विभिन्न अध्ययनले देखाइसकेको छ । हिमालमा हिउँ नै नरहने र आरोहण असुरक्षित बन्ने हो भने विदेशी पर्यटकको आगमन घट्ने निश्चित छ । यसले पर्यटन क्षेत्रबाट हुने आम्दानीमा ठूलो गिरावट आउने छ । पर्यटन क्षेत्रमा आश्रित स्थानीय समुदाय र हजारौं व्यवसायी तथा मजदुरको रोजीरोटी गुम्ने छ । र, मुलुककै अर्थतन्त्रको मेरुदण्ड भाँचिने छ ।

यति हुँदाहुँदै पनि संकट समाधानका लागि राज्यको उदासीनता देखिनु विडम्बनाको विषय हो । संकट समाधानका लागि नीतिगत कमजोरी खड्किएका छन् । पर्वतारोहण कम्पनीहरूबीच सस्तो मूल्यमा आरोहण गराउने अस्वस्थ प्रतिस्पर्धा चल्दा सेवाको गुणस्तर र सुरक्षामा ह्रास आएको छ । कम अनुभवी जनशक्ति परिचालन हुनु र विश्वमै नेपालको नाम चम्काउने दक्ष शेर्पाहरू उचित राज्यसुविधा र सम्मानको अभावमा विदेश पलायन हुनु अर्को दुःखद पाटो हो । यसतर्फ सरकार र सरोकारवाला निकायहरूको ध्यान तत्काल जान जरुरी छ । सगरमाथाको अस्तित्व रक्षा गर्नु केवल पर्वतारोहीको मात्र होइन, सिंगो राष्ट्र र विश्व समुदायकै साझा दायित्व हो । समयमै ठोस कदम नचाले भोलि पछुताउनुको विकल्प रहने छैन ।

### सच्याइएकोबारे

मिति २०८३ जेठ ३० गते शनिबारको प्रभाव दैनिकको प्रथम पृष्ठमा प्रकाशित मुख्य समाचारको शीर्षक '३१ वर्षपछि कार्यान्वयन हुने भयो रावल आयोगको प्रतिवेदन' हुनुपर्नेमा अन्यथा हुन गएकोले क्षमायाचनासहित सच्याइएको छ । *सं.*

# आरोग्य नेपालः समृद्ध नेपालको यात्रा



❑ डा. वैकुण्ठ अर्याल

"आरोग्यको महत्त्व उजागर गर्ने नेपालको पहल संयुक्त राष्ट्रसंघले स्वीकार गरेको र नेपाल सरकारले सन् २०२७ लाई आरोग्य वर्षका रूपमा मनाउने निर्णय गरेको छ । नेपाल आरोग्य वर्षको रूपमा मनाउने घोषणा गरेको र पर्यटन दशक मनाउने तयारी गर्दै गरेको सन्दर्भमा आरोग्य पर्यटनलाई नारा बनाई अगाडि बढ्न सकिने अवसर र सम्भावना रहेको छ । प्रत्येक अप्रिल १५ मा आरोग्य दिवस मनाएरमात्र पुग्दैन, साँच्चिकै आरोग्य प्रवर्द्धन गर्न हाम्रो पहल र निरन्तरको प्रयास आवश्यक पर्दछ ।

व्यक्तिको खुसी, सुख र आनन्दसँग जोडिएको शारीरिक, मानसिक र आत्मिक स्वस्थता नै आरोग्य हो । यो एक बहुआयामिक विषय हो । यसमा शारीरिक, मानसिक, वातावरणीय, सामाजिक, भावनात्मक र आध्यात्मिक/आत्मिक कुराहरू समावेश भएका हुन्छन् । मानिसलाई आरोगी हुन यी सबै आयामको सन्तुलन आवश्यक पर्दछ । मलाई औषधि खानुपरेको छैन, कुनै चिकित्सक वा स्वास्थ्यकर्मीको सेवा लिनुपरेको छैन, म अहिलेसम्म अस्पताल गएको छैन भन्नुमात्र आरोग्य होइन । यो त शारीरिक स्वस्थतामात्र हो । वास्तवमा आरोग्य मन, मस्तिष्क, शरीर, भावना र चेतनाको स्वस्थता हो । मानिसभित्रैदेखि आनन्दित नभई आरोगी हुन सक्दैन । तसर्थ, आनन्दको बाहिरी प्रकट रूप नै आरोग्य हो । अनि आरोग्य आनन्द हो ।

आरोग्य उद्योग र अर्थतन्त्र

ग्लोबल वेलनेस इस्न्टिच्युटले सन् २०२४ मा निकालेको प्रतिवेदनअनुसार संसारको आरोग्य अर्थतन्त्रको आकार ६.८ ट्रिलियन (६८ खर्ब) अमेरिकी डलर रहेको छ। विश्वभरको कूल स्वास्थ्य र चिकित्सा खर्चको ६० प्रतिशतको हाराहारीमा रहेको छ । दुई वर्षको बीचमा यसको आकार २१ प्रतिशतले बढेको देखिन्छ । सन् २०२९ सम्ममा यसको आकार ९.८ ट्रिलियन अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ । आरोग्य रिसोर्ट, आरोग्य बासस्थानजस्ता कार्यमा हुने खर्च १९.५ प्रतिशतले र मानसिक आरोग्यका लागि हुने खर्चमा १२.४ प्रतिशतले वृद्धि भएको छ। नेपाल आरोग्य अर्थतन्त्रको सूचीमा ९१औं स्थानमा रहेको (अर्थतन्त्रको आकार २.०२ अर्ब डलर रहेको, जसमा स्वास्थ्यसम्बन्धी खर्चसमेत समावेश भएको) छ ।

आरोग्य र आनन्द एउटै हो त भनने प्रश्न पनि उठ्ने गर्दछ। आरोग्य आनन्द हो भने आनन्द के हो त ? सबै मानिसले खोज्ने साझा कुरा हो- आनन्द । शास्त्रमा भनिएको छ, मानिस तीन प्रकारका तापबाट मुक्त भई सत् चित् आनन्द प्राप्त गर्न चाहन्छ र त्यसप्रति आकर्षित हुन्छ । शरीरभित्रबाट उत्पन्न हुने तापमा मानसिक चिन्ता, दुःख, इर्ष्या, क्रोध, अहंकार पर्दछ भने शरीरबाट उत्पन्न हुने तापमा घाउ, खटिरा, रोग आदि पर्दछन् । त्यस्तै अर्को आफूबाहेक अरुबाट उत्पन्न हुने चिन्तामा प्राकृतिक प्रकोप, अरुका वचनलाई लिन सकिन्छ ।

यसैगरी भगवान् बुद्ध धम्मपदको २०४औं श्लोकमा भन्छन्, आनन्द प्राप्तिका लागि दिगो सुख चाहिन्छ, त्यही भएर त श्रीमद् भागवत गीताको छैटौं अध्यायको २१औं श्लोकमा श्रीकृष्ण भन्छन्, जुन इन्द्रीय र बौद्धिक सुखभन्दा परको आत्यन्तिक (अन्त नभएको) सुख हुन्छ, त्यो मात्र दिगो हुन्छ, यस्तो सुख ध्यानयोगीलेमात्र प्राप्त गर्दछन् । यी विभिन्न धर्मग्रन्थका उल्लेखित कुराहरूलाई अध्ययन गर्दा आनन्द कसरी पाइन्छ ? भन्ने प्रश्नको जवाफ प्राप्त हुन्छ । सबै मानिसको तीन लालसा हुन्छ- भौतिक सुख, स्वस्थ जीवन र खुसी । हाम्रा ऋषिमुनिहरू भौतिक सुखलाई त्याज्य मान्दथे, भौतिक सुखले मनको आनन्दमा पुऱ्याउँदैन भन्ने ठान्दथे आधुनिक युगमा भौतिक सुखलाई नै सर्वोपरि ठानिन्छ। यी दुवै अतिवाद हुन्, त्यसैले हामीले यी दुवै अतिवादबाट माथि उठेर आरोग्यको प्रवर्द्धन गर्नुपर्दछ ।

वास्तवमा मानिसलाई रोग तीन प्रकारको खराबीले लाग्दछ । पेट खराब भएमा, खानासँग सम्बन्धित र छाती र छातीभित्रका अंग खराब भएमा रोग लाग्दछ। शारीरिक परिश्रमसँग सम्बन्धित समस्यामा टाउको र टाउकोभित्रका अंग खराब भएमा रोग लाग्दछ । मानसिक स्वास्थ्यसँग सम्बन्धितबाहेक शरीर बाहिरका घाउ, चोटपटक हुन्छन्, जसलाई सावधानीले नै हटाउन सकिन्छ । तसर्थ, शरीरको तीन भागलाई स्वस्थ राख्न सकियो भने बचाउन सकियो भने मानिस आरोगी बन्दछ। यसमा रोग लाग्नुभन्दा रोग लाग्नै नदिने अवस्था ल्याउनुपर्छ। समग्रमा आरोग्य तीन कुराको सम्मिश्रणबाट पाइन्छ। शारीरिक परिश्रम, स्वस्थकर खाना तथा योग र ध्यानले मानिसलाई आरोग्य राख्दछ ।

## योग, ध्यान र आरोग्य

योग सर्वौषधि हो । संस्कृतमा श्लोक छ, योगले सीप बढाउँछ, दुःख नाश गर्छ, योगको अभ्यास गरौं, योगीको जीवन जिऔं । एक अध्ययनका अनुसार कोभिडपछि विश्वमा योग गर्नेको संख्या १४ प्रतिशत र ध्यान गर्नेको संख्या नौ प्रतिशतले बढेको देखाएको छ। हाम्रो हावापानी र वातावरण अनि यस्तो स्थानमा गरिने ध्यानले योगबाट पाइने लाभलाई कयौं गुणा बढाउँछ । योग शारीरिक आसन, श्वासप्रश्वास र ध्यानलाई एकीकृत गर्ने विधि हो । योगको महत्त्व बुझेर संयुक्त राष्ट्रसंघले प्रत्येक वर्ष २१ जुनलाई अन्तर्राष्ट्रिय योग दिवसको रूपमा घोषणा गरेको छ।

ध्यान आफ्नो मन र मस्तिष्कलाई शान्ति र बोधतर्फ लैजाने माध्यम हो। ध्यानको महत्त्व उजागर गर्न संयुक्त राष्ट्रसंघले प्रत्येक वर्ष २१ डिसेम्बरलाई विश्व ध्यान दिवसको रूपमा घोषणा गरेको छ। उचित आहारविहार, प्रकृतिसँगको सामीप्यता, शारीरिक परिश्रम, मानसिक र आत्मिक शान्ति अनि ध्यान योगको प्रतिफल आरोग्य हो । आरोग्यको महत्त्व बुझेर संयुक्त राष्ट्रसंघले नेपालको प्रस्तावमा प्रत्येक वर्ष १५ अप्रिललाई अन्तर्राष्ट्रिय आरोग्य दिवसको रूपमा मनाउने घोषणा गरेको छ।

## आरोग्यका लागि नेपालमा के छ ?

नेपालमा आरोग्यसँग सम्बन्धित हरेक वस्तु र सेवा पाइन्छन् । यही आरोग्यलाई केन्द्रमा राखेर हामीले अभ्यास गर्ने र अरुलाई सहयोग गर्न सक्नुपर्दछ । नेपालमा पर्यटनको प्रशस्त सम्भावना रहे पनि पटक-पटक र निरन्तर प्रयास गर्दा पनि नेपालमा पर्यटकको संख्या अपेक्षितरूपमा बढ्न सकेको छैन । नेपाल भ्रमण वर्ष १९९८ र नेपाल पर्यटन वर्ष २०११ मा लिइएको लक्ष्य वर्षौंसम्म पूरा हुन नसकेको छैन ।

त्यसैले केही प्रश्नको जवाफ खोज्नुपर्ने भएको समय आएको छ । हामीसँग अथाह सम्भावना र अवसर हुँदाहुँदै पनि हामीले यसको उचित विकास, प्रवर्द्धन र प्रचारप्रसार गर्न सकेनौं कि ? अथवा हामीले पर्यटकीय सम्भावना र अवसरको प्राथमिकीकरण गर्नै जानेनौं कि ? अथवा हामीले पर्यटकलाई नेपालमा के छ भनेर बुझाउनै सकेनौं कि ? अथवा हामीले हाम्रो पर्यटनको मूल तत्व नै पहिल्याउन सकेनौं कि ? यी प्रश्नहरूको सजिलो जवाफ छ नेपालको पर्यटनको सुस्पष्ट ब्राण्डिङ भएन । हामीले विगतमा सगरमाथाको देश भनेर पनि चिनाएकै हो, प्राकृतिक सौन्दर्यको धनी देश भनेर पनि चिनाएकै हो, भगवान् बुद्धको देश भनेर पनि चिनाएकै हो । तर हामीकहाँ उपलब्ध सबै सम्भावना र अवसरलाई एउटा मूल तत्वमा आबद्ध गर्दै ब्राण्डिङचाहिँ गर्न सकेनौं । त्यो मूल तत्व हो भनेको आरोग्य हो । पर्यटकले खोज्ने आरोग्यसँग सम्बन्धित हर चीज यहाँ उपलब्ध छन्, तिनको विकास र प्रवर्द्धनको खाँचो छ ।

## आरोग्य पर्यटनको सम्भावना

एक ठाउँबाट अर्को ठाउँमा घुम्न जाने पर्यटकले तीन कुरा चाहन्छ-भौतिक सुख, सवल स्वास्थ्य र खुसी । यसका लागि हामीसँग प्रकृति, भौगोलिक र जैविक विविधता, धर्म, धार्मिक आस्था, सद्भाव र सहिष्णुता, संस्कृति र सांस्कृतिक सम्पदा, सामाजिक जनजीवन, रहनसहन र व्यवहार, कृषि उत्पादन, खाद्यशैली र स्वच्छ पानी, वन पैदावार, शिक्षा, स्वास्थ्य र खेल पर्यटनका लागि अनुकूल वातावरण रहेको छ । त्यतिमात्र होइन, वैदिक खोज र अनुसन्धानका लागि उपयुक्तस्थल, सामग्रीको उपलब्धता तथा योग र ध्यानका लागि उपयुक्तस्थल र वातावरण पनि नेपालमा छ ।

यी सम्भावनाहरूको उपयोग र प्रवर्द्धनका लागि सरकार, निजी क्षेत्र र सरोकारवाला निकायहरूबीच सहकार्यको खाँचो पर्दछ। आरोग्य पर्यटनलाई आर्थिक विकासको मुख्य कार्यसूचीका रूपमा पहिचान र विकास, नेपाललाई विश्व आरोग्य गन्तव्य बनाउने पहल, आरोग्य पर्यटन विकास, ब्राण्डिङ, प्रवर्द्धन र बजारीकरण, पर्यटन पूर्वाधार विकास गरी सहज पहुँचको व्यवस्था, सहज सार्वजनिक सेवा र शैक्षिक पाठ्यक्रममा योग र ध्यानका साथै आरोग्य पर्यटनका सामग्री र स्वास्थ्य सेवामा तीन तहका सरकारको भूमिका अझ बढी रहन्छ । खासगरी आरोग्यका क्रियाकलापहरूलाई बढाउन आरोग्य पर्यटन कूटनीति परिचालन, प्रदेश र स्थानीय तहमा रहेका पर्यटकीय गतिविधिहरूमा आरोग्य पर्यटनका क्रियाकलाप समावेश, आरोग्य पर्यटनका प्याकेजहरूको प्रवर्द्धन र प्रचारप्रसारमा जोड दिनुपर्ने हुन्छ ।

यसमा निजी क्षेत्रको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण रहेको हुन्छ । आरोग्य पर्यटनका वस्तु र सेवाको विकास, नेपाली उत्पादनको उपभोगलाई बढावा दिई प्रवर्द्धन, आरोग्य पर्यटनको प्रचारप्रसार र बजारीकरणमा सरकारसँग सहकार्य, पर्यटकीय क्षेत्रहरूमा सहज पहुँचको व्यवस्था गर्न निजी क्षेत्रले थुप्रै कामहरू गर्न सक्दछन् । सहज पर्यटकीय सेवा, पर्यटकीय प्याकेजिङका क्रियाकलापमा आरोग्य पर्यटनलाई जोडेर पनि हेर्न सकिन्छ । उदाहरणका लागि, पदयात्राको प्याकेजमा धार्मिक/सांस्कृतिक पर्यटनका साथै योग र ध्यानसमेत समावेश गर्न सकिन्छ ।

आरोग्य पर्यटनबाट नेपालले राम्रो लाभ लिनसक्ने अवसर रहेको छ । नेपाल आउने विदेशी पर्यटकको संख्या बढाएर ५० लाख पुऱ्याउन सकिन्छ । उनीहरूको औसत बसाइ अवधि आरोग्य पर्यटनका कार्यक्रमबाट थप पाँच दिन कम्तीमा १५ दिन बनाउन सकिन्छ । पर्यटकको दैनिक औसत खर्च पनि बढाएर १५० देखि २०० अमेरिकी डलर पुऱ्याउन तथा पर्यटन क्षेत्रमा थप १० लाख रोजगारी सिर्जना हुने छ । त्यतिबेला ट्राभल एण्ड ट्रेड कम्पिटिटिभनेस इण्डेक्समा नेपालको स्थान उल्लेख्य वृद्धि हुने छ ।

आरोग्यको महत्त्व उजागर गर्ने नेपालको पहल संयुक्त राष्ट्रसंघले स्वीकार गरेको र नेपाल सरकारले सन् २०२७ लाई आरोग्य वर्षका रूपमा मनाउने निर्णय गरेको छ । नेपाल आरोग्य वर्षको रूपमा मनाउने घोषणा गरेको र पर्यटन दशक मनाउने तयारी गर्दै गरेको सन्दर्भमा आरोग्य पर्यटनलाई नारा बनाई अगाडि बढ्न सकिने अवसर र सम्भावना रहेको छ । प्रत्येक अप्रिल १५ मा आरोग्य दिवस मनाएरमात्र पुग्दैन, साँच्चिकै आरोग्य प्रवर्द्धन गर्न हाम्रो पहल र निरन्तरको प्रयास आवश्यक पर्दछ ।

*(नेपाल सरकारका पूर्वमुख्यसचिव तथा जीवन विज्ञान प्रतिष्ठान आरोग्य अध्ययन केन्द्रका संयोजक डा. अर्यालसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ। कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ। उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन। उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ। उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ। समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन। यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ। तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस्। नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन्। तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस्। उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ। मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ। कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस्।

पाठक मञ्च

## वालेन्द्र सरकारको स्वागतयोग्य कदम

विगत लामो समयदेखि राजनीतिक नेतृत्वको उदासीनता र प्रशासनिक आलटालका कारण सिंहदरबारका दराजहरूमा थन्किएर धूलो जमेको 'सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन, २०५२' लाई अन्ततः कार्यान्वयनमा लैजाने मन्त्रिपरिषद्को हालैको निर्णय राष्ट्रिय सञ्चारमाध्यमहरूमा प्रमुखताका साथ प्रकाशित भएको देख्दा एक सचेत नागरिकका नाताले निकै खुसी र आशा जागेको छ । तीन दशक (३१ वर्ष) अघि पूर्वसचिव रामबहादुर रावलको अध्यक्षतामा गठित आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्ने र देशभरका सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख राख्ने वर्तमान सरकारको यो कदम अत्यन्तै सराहनीय र स्वागतयोग्य छ ।

विगतमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सरकारले सरकारी सम्पत्तिको व्यापक दोहन र गैरकानुनी दर्ता रोक्न यो आयोग गठन गरेको थियो। तर, देशमा व्यवस्था फेरिए, कयौं सरकारहरू फेरिए, तर विडम्बना ! कसैले पनि यो प्रतिवेदन कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति देखाएनन्। सर्वोच्च अदालतलेसमेत २०६७ सालमै निर्देशनात्मक आदेश जारी गर्दै यो प्रतिवेदनलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न सरकारलाई भनेको थियो। तर, अदालतको आदेशलाईसमेत उपेक्षा गर्दै अध्ययन र प्रक्रियाका नाममा विभिन्न समितिहरू गठन गरेर यो विषयलाई झण्डै १६ वर्षसम्म अल्झाइयो । प्रतिवेदन कार्यान्वयनमा भएको यो हदसम्मको ढिलाइले हाम्रो राज्य संयन्त्र र राजनीतिक नेतृत्व भूमाफियाहरूको चंगुलमा कतिसम्म फसेको रहेछ भन्ने तितो यथार्थलाई छर्लंग पार्छ ।

आयोगको प्रतिवेदनअनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्रमात्रै कूल १८ हजार ९४१ रोपनी सार्वजनिक जग्गामध्ये झण्डै १० प्रतिशत अर्थात् एक हजार ८५९ रोपनीभन्दा बढी जग्गा अतिक्रमणमा परेको तथ्यांकले जोकोहीलाई पनि स्तब्ध बनाउँछ। त्यसमा पनि आठ हजार ९३ जना अतिक्रमणकारीहरूले दुई हजार ७० कित्ता सार्वजनिक जग्गा कि त निजी प्रयोजनका लागि कब्जा गरेका छन् कि त आफ्नो निजी जग्गाभित्र घुसाएका छन् । यो तथ्यांक तीन दशक पुरानो हो, वर्तमान समयसम्म आइपुग्दा यो अतिक्रमणको जालो कति गुणा बढेको होला, सहजै अनुमान गर्न सकिन्छ । राजधानीमै सार्वजनिक सम्पत्तिको यसरी हुर्मत लिइँदा पनि राज्य मौन बस्नु आफैंमा लज्जास्पद थियो ।

वर्तमान प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले यस विषयलाई गम्भीरताका साथ लिई नीति अनुसन्धान प्रतिष्ठानको सुझाव प्रतिवेदनका आधारमा जुन साहसिक निर्णय गरेको छ, यसले विधिको शासनको बलियो झल्को दिएको छ । २०२१ सालको नापीलाई आधार मानेर काठमाडौंका ३५ वटै वडाका अतिक्रमित जग्गाहरू खाली गराउने र दोषीहरूलाई कारबाही गर्ने बाटो खुल्नु भनेको राज्यले आफ्नो गुमेको उपस्थिति फिर्ता गराउनु हो ।

तर, केवल निर्णय हुनुमात्रै पर्याप्त हुँदैन, मुख्य चुनौती यसको पूर्ण र निष्पक्ष कार्यान्वयनमा छ । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस कार्यलाई विनाकुनै राजनीतिक दबाब वा प्रभाव अघि बढाउनुपर्छ। अतिक्रमणकारीहरू जतिसुकै शक्तिशाली, राजनीतिक पहुँच भएका वा पहुँचवाला किन नहोऊन्, उनीहरूलाई प्रचलित कानुनबमोजिम कडाभन्दा कडा कारबाही गरिनुपर्छ । काठमाडौंबाहेक देशका अन्य भूभागमा रहेका सार्वजनिक जग्गाहरूको पनि छानबिन गरी संरक्षण गर्नेतर्फ सरकारको ध्यान जानु जरुरी छ ।

ढिलै भए पनि सरकारले चालेको यो ऐतिहासिक कदम केवल कानुनी प्रक्रियामात्र होइन, यो सार्वजनिक सम्पत्तिको संरक्षणका लागि नयाँ युगको सुरुआत पनि हो। यो अभियानमा राज्यलाई सम्पूर्ण नागरिक, नागरिक समाज र सञ्चार जगत्को पूर्ण समर्थन रहनुपर्छ। सरकार आफ्ना निर्णयहरूबाट पछि नहटोस् र भूमाफियाहरूको प्रलोभन वा धम्कीसामु नझुकोस् ।

**दिवस अधिकारी**
म्हेपी, काठमाडौं

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**हेटौँडा र आसपासको दृश्य** | मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका–४ स्थित मनकामना क्षेत्रबाट देखिएको हेटौँडा र आसपासको दृश्य ।
*तस्बिरः रासस*

# वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलता तालिम

**तेह्रथुम–** म्याङलुङ नगरपालिकाले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका युवालाई पाँचदिने उद्यमशीलता तालिम प्रदान गरेको छ ।

यही जेठ २६ देखि ३० गतेसम्म सञ्चालन भएको तालिममा नगरपालिकाभित्रका २५ जना वैदेशिक रोजगारीबाट फर्किएका युवाको सहभागिता रहेको म्याङलुङ नगरपालिकाका रोजगार संयोजक अनिल नेपालले जानकारी दिए । उनका अनुसार तालिममा उद्यम सञ्चालन गर्ने तरिका, लगानी व्यवस्थापन, वित्तीय साक्षरता तथा बैंकिङ ऋणसम्बन्धी जानकारीका साथै मनोसामाजिक परामर्शसमेत प्रदान गरिएको थियो । वैदेशिक रोजगारीबाट फर्किएका युवाले स्वदेशमै व्यवसाय सञ्चालन गरी स्वरोजगार बन्न सकून् भन्ने उद्देश्यले तालिम सञ्चालन गरिएको नगरप्रमुख सञ्जयकुमार तुम्बाहाङ्फेले बताए ।




म्याङलुङ नगरपालिका रोजगार, सीप तथा उद्यमशीलता केन्द्र तेह्रथुमले आयोजना गरेको तालिममा म्याङलुङ नगरपालिकाका सामाजिक विकास अधिकृत जगदीश सुवेदी, मनोसामाजिक परामर्शदाता पुनम भण्डारी, उद्यम विकास सहजकर्ता विनोद भण्डारी तथा नबिल बैंक लिमिटेड म्याङलुङ शाखाका शाखा प्रबन्धक भरत भारतीले सहजीकरण गरेका थिए ।

तालिममा सहभागी म्याङलुङ-९ का सन्तोष लिम्बूले वैदेशिक रोजगारीबाट फर्किएपछि आफूले सिकेको सीपलाई उद्यममा रूपान्तरण गर्ने विषयमा उपयोगी जानकारी प्राप्त भएको बताए । ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताका रूपमा कार्यरत लिम्बूले तालिमले आफ्नो पेसालाई व्यावसायिकरूपमा विस्तार गर्न सहयोग पुगेको धारणा व्यक्त गरे ।

यस्तै, म्याङलुङ-१ का बखत दाहालले १८ वर्ष वैदेशिक रोजगारीमा बिताएपछि स्वदेश फर्किएको उल्लेख गर्दै तालिमबाट रोजगार सिर्जना, लगानी व्यवस्थापन, बैंकिङ प्रक्रिया तथा मनोसामाजिक पक्षबारे महत्त्वपूर्ण जानकारी प्राप्त भएको बताए । उनले तालिमले आफ्नै ठाउँमा व्यवसाय सञ्चालन गर्न प्रेरणा मिलेको सुनाए । नगरपालिकाले रोजगारमूलक सीप विकासका लागि अहिले ब्युटिसियन, बारिस्टा, हाते ट्र्याक्टर मर्मत, ड्राइभिङ र कुकसम्बन्धी तालिमसमेत सञ्चालन गरिरहेको रोजगार संयोजक नेपालले जानकारी दिए । *रासस*

# आर्थिक तथा प्राविधिक अभाव हुँदा करोडौंका डायलाइसिस मेसिन प्रयोगविहीन

**पाल्हीनन्दन (नवलपरासी–बर्दघाट सुस्ता पश्चिम)–** भौतिक संरचना र प्राविधिक अभाव हुँदा करोडौं मूल्यका डायलाइसिस मेसिन प्रयोगविहीन भएका छन् । विभिन्न दातृ निकाय र नेपाल सरकारबाट स्थानीय तह र अस्पतालका लागि प्राप्त भएका ती मेसिन प्रयोगमा आउन नसकेका हुन् ।

नेपाल सरकारको समन्वयमा रोटरी क्लब धुलिखेलले बर्दघाट नगरपालिका-१४ को सहिद स्मृतिलाई वि.सं. २०८१ मा उपलब्ध गराएको एक करोड २० लाख रूपैयाँ मूल्यबराबरका छ वटा डायलाइसिस प्रयोगविहीन छन् । आर्थिक अभाव र मेसिन सञ्चालनका लागि संरचना अभाव भएकाले प्रयोगविहीन भएको अस्पतालले बताएको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष डिबीबहादुर थापाले लामो समयदेखि मेसिन प्रयोगमा ल्याउन नसक्दा स्थानीय बिरामीलाई सेवा दिन नसकिएको बताए ।

त्यसैगरी बुटवलस्थित मुटु अस्पतालले केही महिनाअघि सुनवल नगरपालिकालाई उपलब्ध गराएको साढे आठ करोड रूपैयाँबराबरका पाँच वटा डायलाइसिस पनि प्रयोगविहीन छन् । नगरको आफ्नै अस्पताल सञ्चालन नआएका कारण ती मेसिन सञ्चालनमा ल्याउन सकिएको छैन । सुनवल नगरपालिकाकी नगरप्रमुख विमला अर्यालले पनि आर्थिक अभाव र प्राविधिक अभावका कारण मेसिन सञ्चालनमा ल्याउन नसकिएको बताइन् । सुनवलमा १५ शयघाको अस्पताल निर्माण भइरहेको छ । यता रामग्रामस्थित पृथ्वीचन्द्र जिल्ला अस्पतालमा रहेको पाँचवटा डायलाइसिस मेसिनले दैनिक १७ जना बिरामीलाई निरन्तर सेवा दिँदै आएको छ । बिरामीको चाप बढी भएकाले जिल्ला अस्पतालबाट सेवा लिन नसक्ने बिरामीहरू जिल्ला बाहिर जानुपर्ने अवस्था छ । *रासस*

# सात स्थानमा योग कार्यक्रम आयोजना गर्दै भारतीय महावाणिज्य दूतावास

## अन्तर्राष्ट्रिय योग दिवसको मुख्य कार्यक्रम वीरगञ्जस्थित शंकराचार्य गेटमा हुने



भारतीय महावाणिज्य दूतावासले शनिबार पर्साको पचगावा, सखुवा प्रसौनीमा आयोजना गरेको योग कार्यक्रम ।
*तस्बिरः अनिलकुमार झा*

■ प्रभाव संवाददाता

**पर्सा (वीरगञ्ज)–** वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा विभिन्न स्थानमा योग कार्यक्रम आयोजना गर्ने भएको छ। महावाणिज्य दूतावासले जारी गरेको प्रेस विज्ञप्तिअनुसार जुन १३ देखि जुन २१ सम्म पर्सा, चितवन, मकवानपुर, धनुषालगायत जिल्लाका सात स्थानमा योग कार्यक्रम सञ्चालन गरिने छ ।

यही जुन २१ मा १२ औं अन्तर्राष्ट्रिय योग दिवस मनाइँदै छ । यस वर्षको योग दिवसको नारा 'स्वस्थ बुढचौलीका लागि योग' भन्ने तय गरिएको छ । यसै अवसर पारेर भारतीय महावाणिज्य दूतावासले योग कार्यक्रम आयोजना गर्न लागेको जानकारी दिएको छ ।

दूतावासका अनुसार शनिबार पर्साको पचगावा, सखुवा प्रसौनीमा कार्यक्रम सम्पन्न भएको छ । जुन १६ अर्थात् असार २ गतेका दिन बिहान ५:३० बजे चितवनको भरतपुरस्थित नारायणी नदी किनारमा योग कार्यक्रम हुने तय गरिएको छ ।

यसैगरी, असार ३ गते मकवानपुरको हेटौंडास्थित रोयल पार्टी प्यालेस, असार ४ गते पर्साको पोखरियास्थित उच्चांगल रामदेव कलवार प्राविधिक नमूना माध्यमिक विद्यालय, असार ५ गते धनुषाको जनकपुरधामस्थित जानकी मन्दिर, असार ६ गते बाराको गढीमाईस्थित विवाह मण्डप र असार ७ गते वीरगञ्जको शंकराचार्य गेटमा योग कार्यक्रम गर्ने तालिका दूतावासले सार्वजनिक गरेको छ । यी सबै कार्यक्रम बिहान ५:३० बजे हुने जनाइएको छ ।

'अन्तर्राष्ट्रिय योग दिवसको मुख्य कार्यक्रम जुन २१, २०२६ (असार ७ गते) मा बिहान ५:३० बजे वीरगञ्जको शंकराचार्य गेटमा आयोजना हुने छ,' महावाणिज्य दूतावासको विज्ञप्तिमा भनिएको छ, 'यो योग कार्यक्रम यस वर्ष महावाणिज्य दूतावासले आयोजना गरेको सबैभन्दा ठूलो योग कार्यक्रम हुने अपेक्षा गरिएको छ ।'

# कृत्रिम पोखरी निर्माणपछि घट्यो मानव–वन्यजन्तु द्वन्द्व

**जानकी (बाँके)–** बाँके राष्ट्रिय निकुञ्जद्वारा निर्माण गरिएका कृत्रिम पोखरीका कारण वन्यजन्तु संरक्षण र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुगेको छ । निकुञ्जले ३० वटा कृत्रिम पोखरी निर्माणले चुरे तथा भावर क्षेत्रमा वर्षौंदेखि रहँदै आएको पानी अभावको समस्या समाधान हुनाका साथै मानव-वन्यजन्तु द्वन्द्व घटेको जनाएको छ ।

निकुञ्जभित्रै बाह्रै महिना पानी उपलब्ध हुन थालेपछि पानीको खोजीमा मानव बस्तीसम्म पुग्ने वन्यजन्तुको संख्या घटेको निकुञ्जको भनाइ छ । निकुञ्जभित्र बसोबास गर्ने वन्यजन्तुको अवस्थासमेत सुधारिएको निकुञ्जका प्रमुख एवं बाँके राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताए ।

बाघको बासस्थान विस्तार गर्ने उद्देश्यले स्थापना गरिएको बाँके राष्ट्रिय निकुञ्ज चुरे र भावर पारिस्थितिक प्रणालीको प्रतिनिधि क्षेत्र हो । यहाँको भौगोलिक बनावटका कारण सतहमा पानीको उपलब्धता न्यून रहने भएकाले सुक्खायाममा वन्यजन्तुले पानीको अभाव झेल्ने गरेका थिए । निकुञ्चमा प्राकृतिकरूपमा पानीको मुहान चगाई नाला र मुगुवा खोला रहेका छन् । यसबाहेक वर्षभरि पानी रहने भरपर्दो प्राकृतिक स्रोत नहुँदा वन्यजन्तु पानीको खोजीमा निकुञ्ज बाहिर निस्कने अवस्था थियो ।

यस समस्यालाई समाधान गर्न निकुञ्जले सौर्य ऊर्जामा आधारित डिप बोरिङ प्रणाली जडान गरी कृत्रिम पोखरीहरूमा पानी भर्ने व्यवस्था गरेको छ । यस प्रविधिमार्फत निकुञ्जको करिब ७२ किलोमिटर क्षेत्रमा पानीको उपलब्धता सुनिश्चित गरिएको छ ।

पानीसँगै घाँसेमैदानको व्यवस्थापनमा सुधार भएपछि वन्यजन्तुका लागि आवश्यक आहारा र बासस्थान दुवैको अवस्था सुदृढ बनेको छ । निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत कँडेलका अनुसार निकुञ्जभित्र पानी र आहाराको पर्याप्त व्यवस्था भएपछि बाघको मुख्य आहारा मानिने चितल, चौका, रतुवा, नीलगाई र जरायोलगायत वन्यजन्तुको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । आहारा प्रजातिको वृद्धि भएसँगै बाघ संरक्षणमासमेत सकारात्मक प्रभाव परेको उनले बताए ।

विगतमा पानी र आहाराको अभावका कारण बाँके, दाङ र सल्ल्यानका मध्यवर्ती क्षेत्रका गाउँबस्तीमा पुग्ने वन्यजन्तु अहिले निकुञ्जको कोर क्षेत्रमै केन्द्रित हुन थालेका छन् । यसले मानव-वन्यजन्तु द्वन्द्व घटाउनाका साथै स्थानीय बासिन्दामा सुरक्षा र विश्वासको भावना बढाएको उनले बताए ।

'कृत्रिम पोखरी निर्माणको यो अभ्यासले वन्यजन्तु संरक्षण, पारिस्थितिक सन्तुलन र स्थानीय समुदायको सुरक्षालाई एकसाथ मजबुत बनाएको छ,' निकुञ्ज प्रमुख कँडेलले भने । उनका अनुसार निकुञ्जको यो प्रयासलाई चुरे तथा भावर क्षेत्रका अन्य संरक्षण कार्यक्रमका लागि उदाहरणीय अभ्यासका रूपमा हेरिएको छ । *रासस*

# हस्तपुरमा दरबार निर्माण भएपछि पर्यटक आकर्षित

**पाँचथर–** लिम्बूवानका अन्तिम राजा हिलिहाङ योङहाङले शासन सत्ता सञ्चालन गरेको स्थान हिलिहाङ गाउँपालिका-४ हस्तपुरमा प्यागोडा शैलीको दरबार निर्माण भएपछि पर्यटकको आकर्षण बढेसँगै आन्तरिक पर्यटन प्रवर्द्धन हुन थालेको छ । धार्मिक, ऐतिहासिक र पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण हिलिहाङ दरबार क्षेत्रमा पूर्वाधार विस्तार गरिएपछि पर्यटन प्रवर्द्धनको माध्यम बनेको हो ।

दरबार क्षेत्रमा प्यागोडा शैलीको तीनतले दरबार निर्माण भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र हिलिहाङ गाउँपालिकाको साझेदारीमा दुई करोड ५१ लाख ६८ हजार रूपैयाँको लागतमा दरबार निर्माण भएको गाउँपालिका कार्यालयले जनाएको छ । मन्त्रालयको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागतमा निर्माण भएको दरबारका संरचना भगवती बौद्ध जेभी इलामले निर्माण गरेको हो ।

दरबारमा अवलोकनका अन्य सामग्री नभए पनि यसको आकर्षक बनोट, यहाँको भूगोल र इतिहासप्रतिको चासोले पर्यटकलाई आकर्षण गर्ने गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीले बताए । उनका अनुसार यहाँ पुग्ने पर्यटकले राजा हिलिहाङको समयका बैठकस्थल, राजसभास्थल, पर्खाल, दरबारमा प्रयोग भएका इँटा, खड् पललगायत संरचनाको अवलोकन गर्न पाउँछन् । त्यस्तै राजा हिलिहाङले शक्ति प्राप्त गरेको विश्वास गरिने युमा साम्माङ माङयुक्ना हिम (महारानी शक्तिपीठ) को दर्शन गर्ने प्रचलन रहिआएको उनले जानकारी दिए ।

नेपालको संविधानबमोजिम स्थानीय तह पुनर्संरचनाका क्रममा साविकका भारपा, सुभाङ, पञ्चमी र अमरपुरलाई जोडेर हिलिहाङ गाउँपालिका बनेपछि राजा हिलिहाङ तथा उनको दरबारबारे खोजी सुरु भएको थियो । हिलिहाङ फाउण्डेसनले मेची राजमार्गको याङवरक गाउँपालिका-६ नागीमा प्रवेशद्वार निर्माण गर्नुका साथै हिलिहाङ दरबार अगाडि सालिक निर्माण गरेको छ । गाउँपालिकाले हिलिहाङ महोत्सव गर्नुका साथै कोशी प्रदेश सरकारसँगको साझेदारीमा संग्रहालय स्थापना गरेपछि यस क्षेत्रबारे थप चासो बढेको अध्यक्ष अधिकारीले बताए । उनका अनुसार पुरातत्त्व विभागले हिलिहाङ दरबार क्षेत्रको पुरातात्त्विक सम्पदाबारे खोजी गरिरहेको छ ।

समुद्री सतहबाट एक हजार ८२० मिटर उचाइमा पर्ने हिलिहाङ दरबार क्षेत्र जंगलको बीचमा अवस्थित छ। शान्त, एकान्त र सुन्दर हरियालीमा अवस्थित यस पर्यटकीय क्षेत्रसम्म गाउँपालिकाको पहलमा सडक विस्तार भएपछि पर्यटकको आवागमन सहज भएको छ । गाउँपालिकाले पाँच वर्ष अघिदेखि राजा हिलिहाङको जन्मोत्सव मनाउन थालेको अध्यक्ष अधिकारीले जानकारी दिए ।



उनका अनुसार हिलिहाङ दरबार क्षेत्रलाई पर्यटकको आकर्षण बनाउने, हिलिहाङ राजाको शासनकालका सामग्री संकलन गरी संग्रहालयमा राख्ने प्रयास भइरहेको छ । दरबार क्षेत्रसँगै जोडिएको भोटेगढीसहित पर्यटकीय क्षेत्रमा पर्यटन पूर्वाधार विकास र प्रचारप्रसारमार्फत पर्यटन प्रवर्द्धन गर्न पालिकाले लगानी गरिरहेको उनले बताए ।

'नेपाल एकीकरणका क्रममा तत्कालीन गोरखा फौजसँग हिलिहाङको फौज १७ पटकसम्म अपराजित रहेको विश्वास गरिन्छ । तर वि.संस १८३१ साउनमा राजा हिलिहाङले नेपाल एकीकरण अभियानलाई सहजीकरण गर्दै याङवरक थुम (जिल्ला)लाई नेपाल मातहत राखी स्वशासनको अधिकार लिनुभएको इतिहास छ । वि.सं. १८४२ मा हिलिहाङको अकस्मात मृत्यु भएपछि याङवरक थुम पूर्णतः नेपाल मातहतमा गाभियो । यही आधारमा हिलिहाङलाई लिम्बूवानका अन्तिम राजा भन्ने गरिन्छ,' अध्यक्ष अधिकारीले भने ।

पराक्रमी मानिने राजा हिलिहाङको निधनपछि उनीसँग रुष्ट पक्षले दरबार र राज्यसत्तामा दखल दिएकाले दरबारको संरक्षण हुन नसक्दा भत्किएको यहाँका ज्येष्ठ नागरिक बताउँछन् । अध्यक्ष अधिकारीका अनुसार उक्त दरबारमा प्रयोग भएका इँटा र सो समयमा लगाइएका पर्खालहरू अझै पनि दरबार परिसरमा छन् । *रासस*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९२०० | प्रति तोला – ० | प्रति तोला – ४८४० |



**गर्मी छल्न नेपालतिर...** हेटौंडा–काठमाडौं सडकखण्डअन्तर्गत मकवानपुरको भैंसेस्थित तीनखण्डेमा रहेको राप्ती खोलामा गर्मीयाममा भारतीय पर्यटकहरूको चहलपहल । पछिल्ला दिनमा गर्मी छल्न भारतबाट नेपाल आउने पर्यटकहरू बढ्दो क्रममा छन् ।

*तस्बिरः प्रदीपराज वन्त/रासस*

# जलविद्युत् आयोजनाको रोयल्टी निर्धारण सूचक तय

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले जलविद्युत् आयोजनाको रोयल्टी हिस्सा बाँडफाँटको आधार तथा ढाँचाका बारेका सम्बद्ध पक्षलाई जानकारी दिँदै सोही अनुसार गर्न गराउन आग्रह गरेको छ ।

विद्युत् विकास विभागले रोयल्टी बाँडफाँडको हिस्सा निर्धारणका लागि आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसंख्यालाई मुख्य सूचकका रूपमा लिँदै सोही अनुसार प्रबन्ध गर्न आग्रह गरेको छ ।

विभागले भौगोलिक अवस्थितिको भार ५० प्रतिशत, प्रभावित क्षेत्रको क्षेत्रफलको भार २५ प्रतिशत र प्रभावित क्षेत्रको जनसंख्याको भार २५ प्रतिशत बराबर तय गरिएको जनाएको छ । भौगोलिक अवस्थितिमा पनि मुख्य क्षेत्र, प्रभावित क्षेत्र र आयोजना वरपरको उपल्लो र तल्लो तटीय क्षेत्रका रूपमा निर्धारण गरिएको छ । प्रभावित क्षेत्रमा पनि मुख्य क्षेत्र, प्रभावित क्षेत्र र वरिपरिको क्षेत्रका रूपमा निर्धारण गरिएको छ ।

त्यस्तै, प्रभावित क्षेत्रको जनसफ्यामा पनि मुख्य क्षेत्र, प्रभावित क्षेत्र र वरिपरिको क्षेत्रका रूपमा निर्धारण गरिएको छ ।

नेपालको संविधानमा जलविद्युत्लाई तीन वटै तहको साझा अधिकार सूचीका साथै संघ, प्रदेश र स्थानीय तहको अलग अलग अधिकार सूचीमा समेत राखिएको छ । हाल निजी क्षेत्र र नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका एक मेगावाट क्षमताभन्दा ठूला आयोजना सञ्चालन गरेका छन् ।

**विभागले भौगोलिक अवस्थितिको भार ५० प्रतिशत, प्रभावित क्षेत्रको क्षेत्रफलको भार २५ प्रतिशत र प्रभावित क्षेत्रको जनसंख्याको भार २५ प्रतिशत बराबर तय गरिएको जनाएको छ ।**

प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड गर्नुपर्ने क्षेत्रहरूमा पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत रहेका छन् । त्यसमा संघीय सरकारको हिस्सा ५० प्रतिशत, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहको हिस्सा २५/२५ प्रतिशत बराबर रहनेछ ।

जम्मा भएको रोयल्टीमध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइने व्यवस्था छ ।

मुख्य क्षेत्रमा जलविद्युत् आयोजनाको भौतिक संरचना निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरू पर्दछन् । जलाशययुक्त आयोजना तथा अर्धजलाशययुक्त र नदी प्रवाही प्रकृतिका आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र निर्धारण गरिएको छ ।

अर्धजलाशययुक्त आयोजनाले छोएका सम्पूर्ण वडा तथा विद्युत् गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचना, विद्युत् गृह रहेका स्थानको समेत रोयल्टी बाँडफाँड गर्नेगरी व्यवस्था गरिएको छ ।

एकै नदी बेसिनका आयोजानको बाँधस्थलदेखि विद्युत् गृहसम्मका नदी किनारका वारि र पारि जोडिने वडाहरू, आयोजनाको माथिल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रका वडा समेत प्रभावित क्षेत्रमा पर्ने भएकाले रोयल्टी प्राप्त गर्ने अधिकार राख्दछ ।

विद्युत् रोयल्टी बाँडफाँडमा मानव विकास सूचकांकलाई हालसम्म आधारका रूपमा लिइएको छैन । राजस्व बाँडफाँड र वित्तीय समानीकरण अनुदानमा भने मानव विकास सूचकांकलाई महत्वपूर्ण आधारका रूपमा लिइएको छ ।

विभागका अनुसार, हाल १९१ वटा आयोजनाले विद्युत् उत्पादन गरिरहेको तथ्याङ्क छ । यस्तै, २६४ वटा आयोजनाले विद्युत् उत्पादन अनुमतिपत्र लिएका छन् । विभागले तय गरेको सूचकअनुसार सबैभन्दा धेरै आयोजना रहेका जिल्लाले बढी र कम आयोजना भएका जिल्लाले कम रोयल्टी पाउने अवस्था छ ।

मुलुकमा कुल जडित क्षमता चार हजार २९६ मेगावाट बराबर पुगेको छ । आगामी आवको अन्त्यसम्म कुल जडित क्षमता पाँच हजार ५३५ मेगावाट बराबर पुग्ने लक्ष्य निर्धारण गरिएको छ ।

# निर्माण सामग्रीको मूल्यवृद्धिले सडक योजनाका कार्य प्रभावित

■ **प्रभाव संवाददाता**

**कञ्चनपुर–** पेट्रोलियम पदार्थसँगै निर्माण सामग्रीको मूल्यमा भएको निरन्तर वृद्धिका कारण सुदूरपश्चिमका सडक योजना प्रभावित भएका छन् । सडक डिभिजन कार्यालय महेन्द्रनगरअन्तर्गत सञ्चालनमा रहेका कालोपत्रसम्बन्धी अधिकांश आयोजनाको कार्य अगाडि नबढ्दा चालु आर्थिक वर्षको पुँजीगत खर्चसमेत प्रभावित हुने देखिएको छ । अलकत्रा (विटुमिन) लगायत निर्माण सामग्रीको अभावले निर्माण अगाडि बढ्न नसकेको हो ।

सडक डिभिजन कार्यालय महेन्द्रनगरका सूचना अधिकारी इन्जिनियर हरिप्रसाद जोशीका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा मुसेपानी खोला पुल र दोदा-देखतभुली पुल निर्माण सम्पन्न भई हस्तान्तरण भए पनि सडक कालोपत्रसम्बन्धी धेरै आयोजना प्रभावित भएका छन् । ठेक्का सम्झौतामा मूल्यवृद्धि समायोजनको व्यवस्था नगरिँदा करिब ७० प्रतिशत आयोजना ठप्प अवस्थामा पुगेका हुन् ।

अत्तरिया-सहजपुर सडकखण्डको ३१ दशमलव शून्य छ किलोमिटर आवधिक मर्मत कार्य पूर्ण रूपमा बन्द छ । यस्तै, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमअन्तर्गत कैलाली र कञ्चनपुरका नौ वटा सडक योजनाको कालोपत्र निर्माण रोकिएको छ । गड्डाचौकी-चिसापानी सडकखण्डमा नियमित पटके मर्मत तथा स्तरोन्नति कार्य आंशिक रूपमा मात्रै सञ्चालन भइरहेको छ ।



**आर्थिक वर्ष समाप्त हुन एक महिना पनि बाँकी नरहँदा पुँजीगत खर्च न्यून रहेको अवस्था छ । योजनाहरू समयमै सम्पन्न नहुँदा विकास बजेट खर्च हुन नसक्ने र त्यसले स्थानीय अर्थतन्त्रमा प्रतिकुल असर पर्छ ।**

■ **हरिप्रसाद जोशी**
सूचना अधिकारी
सडक डिभिजन कार्यालय, महेन्द्रनगर

प्रभावित आयोजनामध्ये चाँदनी-भीमदत्त-ब्रह्मदेव-पञ्चेश्वर-झुलाघाट सडक, झिलमिला-भुडा-बेलौरी भन्सार हुँदै आनन्द बजारसम्मको बोर्डर करिडोर सडक, बेलौरी-कालागौडी-सिक्लपट्टी सडक, कृष्णपुरको बिचुवा-राजघाट सडक, वनकट्टा-फूलबारी सडक, हर्दही-बबपुर-चमकलपुर सडक, जुगेडासम्मको कालोपत्र सडक, डुडेझारी हाइड्रोपावर सडक तथा चौमाला-गर्भादरबार-रिठेखोला-सिपिनगर र घोडाघोडी नगरपालिकाको हरिनगरदेखि जोशीपुर गाउँपालिकासम्मको कालोपत्र रणनीतिक सडकलगायत आयोजना रहेका छन् ।

त्यसैगरी राष्ट्रिय राजमार्गअन्तर्गत चाँदनी-भीमदत्त-ब्रह्मदेव-पञ्चेश्वर-झुलाघाट (एनएच-६७), चिसापानी-गड्डाचौकी सडकखण्ड (एनएच-०१) तथा अत्तरिया-सहजपुर-फल्टुँडे सडकखण्ड (एनएच-६६) का निर्माण कार्यसमेत प्रभावित भएका छन् ।

ठेक्का सम्झौता गर्दा मूल्यवृद्धि समायोजनसम्बन्धी प्रावधान नराखिएकाले निर्माण व्यवसायीलाई अतिरिक्त भुक्तानी दिन कानुनी समस्या देखिएको छ । निर्माण सामग्रीको अभावसमेत अर्को चुनौती बनेको छ । विशेषगरी विटुमिन, डिजेल, पेट्रोललगायत सामग्रीको मूल्य बढ्दा कालोपत्रसम्बन्धी काम सबैभन्दा बढी प्रभावित भएको हो ।

आर्थिक वर्ष समाप्त हुन एक महिना पनि बाँकी नरहँदा पुँजीगत खर्च न्यून रहेको अवस्था छ । योजनाहरू समयमै सम्पन्न नहुँदा विकास बजेट खर्च हुन नसक्ने र त्यसले स्थानीय अर्थतन्त्रमा प्रतिकुल असर पर्ने सूचना अधिकारी जोशी बताउँछन् ।

'ठेक्का सम्झौताका शर्तअनुसार निर्धारित समयभित्र काम सम्पन्न नभए निर्माण व्यवसायीले जरिवाना तिर्नुपर्ने हुन्छ', सूचना अधिकारी जोशीले भने, 'त्यसपछि पनि काम सम्पन्न नभए ठेक्का सम्झौता अन्त्य गरी कानुनी कारबाही प्रक्रिया अघि बढाइने व्यवस्था छ ।' निर्माण सामग्रीको मूल्यवृद्धिसम्बन्धी नीतिगत निर्णय छिट्टै नभए चालु आर्थिक वर्षभित्र धेरै आयोजना सम्पन्न हुने सम्भावना न्यून रहेको बताइएको छ ।

# आगामी आवमा जलविद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुग्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षभित्र मुलुकको कुल जडित विद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुऱ्याउने लक्ष्य लिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रममा एक वर्षभित्र थप एक हजार ४० मेगावाट जलविद्युत् उत्पादन क्षमता थपिने उल्लेख गरिएको छ ।

निर्माणाधीन तथा निर्माणको अन्तिम चरणमा रहेका जलविद्युत् आयोजनालाई समयमै सम्पन्न गर्न विशेष प्रयास गरिने जनाइएको छ । निजी क्षेत्रबाट निर्माण भइरहेका आयोजनालाई पनि सहजीकरण गरी निर्धारित समयमा तिनलाई पनि सम्पन्न गर्ने लक्ष्य छ । विद्युत् प्रसारण पूर्वाधार विस्तारलाई पनि उच्च प्राथमिकतामा राखिएको छ । वार्षिक कार्यक्रमअनुसार ६६ केभी प्रसारण लाइन सात हजार ४८ सर्किट किलोमिटरबाट बढाएर सात हजार ८०८ सर्किट किलोमिटर पुऱ्याइनेछ ।

यसैगरी, ३३ केभी प्रसारण लाइन आठ हजार ३२५ सर्किट किलोमिटरबाट बढाएर आठ हजार ४२९ सर्किट किलोमिटर पुऱ्याउने लक्ष्य छ । आगामी आर्थिक वर्षमा प्रतिव्यक्ति विद्युत् खपत पाँच सय ११ किलोवाट घण्टा पुऱ्याउने तथा विद्युत् चुहावट १२ दशमलव शून्य तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य लिइएको छ। लघु तथा साना जलविद्युत् आयोजनाबाट ४३ मेगावाट तथा सौर्य ऊर्जाबाट ९९ मेगावाट विद्युत् उत्पादन क्षमता थप गरिने कार्यक्रम छ ।

सरकारले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट थप १५ हजार ७७६ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ। साथै, ठूला तथा मझौला नदीमा थप ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिनेछ ।

उक्त मन्त्रालयका अनुसार जलविद्युत् विकासले राष्ट्रिय आवश्यकता मात्र नभई क्षेत्रीय अर्थतन्त्रको विकासलाई समेत तीव्रता दिन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट आर्थिक विकास, औद्योगिकीकरण, बाढी नियन्त्रण, वातावरणीय संरक्षण तथा रोजगारी सिर्जनामा योगदान पुग्ने छ । आगामी आवमा १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्य छ । ती आयोजना सम्पन्न भएपछि आन्तरिक रूपमा विद्युत् प्रवाहमा सहजता आउने तथा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न सकिने छ ।

काठमाडौं उपत्यकाको मध्यभाग हुँदै जाने प्रसारण लाइन निर्माणको योजना पनि कार्यान्वयन गरिने उक्त मन्त्रालयले जनाएको छ ।

# ढाकामा 'तेस्रो ग्लोबल एक्सिलेन्स अनर' सम्पन्न

■ **प्रभाव संवाददाता**

**ढाका–** बंगलादेशको राजधानी ढाकामा 'तेस्रो ग्लोबल एक्सिलेन्स अनर २०२६' सम्पन्न भएको छ । यस 'आर्ट, कल्चर, ब्युटी, मिडिया एन्ड विजनेश कन्फ्रेन्स'मा नेपालबाट गएका विभिन्न १८ जना श्रष्टाहरूलाई ढाकाको आईडिया एक्चेन्ज कम्पनी प्रा.लि.ले ग्लोबल एक्सिलेन्स अनरबाट सम्मानित गरेको थियो । बंगलादेशको आइडिया एक्चेन्ज कम्पनी प्रा.लि.को आयोजना र नेपालको विलक्षण क्रियसन प्रा.लि.को सहकार्यमा सम्पन्न यस कन्फ्रेन्समा दुई देशका कलाकारहरूले सांस्कृतिक कार्यक्रमसँगै आफ्ना पेसागत सफलताको अनुभव शेयर गरेका थिए ।

एक्चेन्ज कम्पनी प्रा.लि.सिइयो खन्डेकर सुमनले बंगलादेसी र विलक्षण क्रियसन प्रा.लि.की प्रवन्ध निर्देशक सरिता भारतीले नेपालीमा स्वागत मन्तव्य प्रस्तुत गरेसँगै सुरु भएको कन्फ्रेन्समा दुबै देशको राष्ट्रगान बजाइएको थियो । ग्लोबल एक्सिलेन्स अनर समारोहको सांस्कृतिक कार्यक्रम अन्तर्गत नेपालका तर्फबाट मोडल अभिनेत्रि प्रतिक्षा काफ्लेले राष्ट्रीय गीत र मेकअपआर्टिष्ट निशा थापाले तामाङसेलो गीतमा नृत्य प्रस्तुत गरे भने गायिका विष्णु माया पौडेल र गायक



नारायण थापाले आ-आफ्नो गीत सुनाए ।

उक्त समारोहमा बंगलादेशका आधा दर्जन कलाकारहरूले आ आफ्ना चर्चित गीतहरू प्रस्तुत गरेका थिए । समारोहमा बंगलादेशका कलाकार एवम् स्रस्टाहरूलाई विलक्षण क्रियसन प्रा.लि.बाट 'तेस्रो ग्लोबल एक्सिलेन्स अनर २०२६' प्रदान गरिएको थियो । यस्तै नेपालका कलाकार एवम् श्रष्टाहरूलाई बंगलादेशको आइडिया एक्सचेन्जका तर्फबाट 'तेस्रो ग्लोबल एक्सिलेन्स अनर २०२६' बाट सम्मानित गरिएको थियो ।

'तेस्रो ग्लोबल एक्सिलेन्स सिनियर ब्युटिसियन अनर २०२६' बाट बरिष्ट ब्युटिसियन सोनीका रंजित, ब्युटिसियन अनरबाट गायिका अभिनेत्री एवम् सञ्चारकर्मी सरिता भारती, ब्युटिसियन ट्यालेन्ट नेपालका बिजेताहरू चादनी श्रेष्ठ, मनिषा श्रेष्ठ -कमला), सुमित्रा खबास, रनरअपहरू स्मृति सुब्बा आङदेम्बे, निशा थापा, सुजिता अधिकारी, निशा रजक सम्मानित भए ।

यस्तै समारोहमा अभिनेत्री एवम् मोडल प्रतिक्षा काफ्ले, गायक नारायण थापा, मोडल प्रज्वल राज भट्ट, गायिका एवम् सञ्चारकर्मी बिष्णुमाया पौडेल, चिरायु डन्ट केयरका संस्थापक सागर जोशी, पूर्णायु आयुर्वेद अस्पताल, फेसन डिजाइनर मितु पुरी पनि 'तेस्रो ग्लोबल एक्सिलेन्स अनर २०२६' बाट सम्मानित भए ।

समारोहमा बंगलादेशका बरिष्ठ लोक गायक मोहम्मद अब्दुल क्वादुस, बरिष्ट अभिनेत्री अप्सना करिम मिमी, व्यवसायी जाहिर रायन, फिल्म मेकर साफिर अल अनवर सज्जन, सुपिन वर्मन, अक्तानिन खैर तानिन, खिचिर हायात खेन, अभिनेताहरू मोस्ताफिजुर निर इमरान, मोहम्मद रफिक, मोहम्मद रकिबुल हेसन, सरकार रौनक रिपुन, फजुल हक, अभिनेत्रीहरू नजिया हाक्यु ओर्सा, मार्सिया सावन, अनुन नहर (अनुन पुतुल), तस्मिता सिमु, मौसमी हमिद, क्वाजी नाउसावा अहमद, अग्रज संगीतकर्मी अक्रम हुसेन, गायक सायद स्मिल हुसेन, लेखक तथा सञ्चारकर्मी नाहिद हुसेन नोलेज, अहमद जामन सिमुल, मौसम आयोपु, मोहम्मद रोवेउल अवाल हुसेन, सामोल सिसिर, आई महम्मद मन्जुर, इन्टरप्रेटर रहमान सागोर, मोहम्मद मोसरफ पनि कार्यक्रममा सम्मानित भए ।

समारोहमा नेपालकी फेसन डिजाइनर मितु पुरीको एकल डिजाईनमा नेपाली कलाकारहरूले फेसन सो प्रस्तुत गरेका थिए । समारोहमा कलाकारहरूलाई सम्मानित गर्न पाउँदा निकै खुसी लागेको आइडिया एक्सचेन्जका सिइयो खन्डेकर सुमनले बताए ।

# विर्तामोडमा 'रोजगार मेला' सुरु

**सुरुंगा (प्रस)–** झापाको विर्तामोड नगरपालिकाको आयोजनामा 'विर्तामोड रोजगार मेला' सुरु भएको छ । स्थानीय तहमा उपलब्ध रोजगारीका अवसरबारे जानकारी गराउने, रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने तथा सीपयुक्त जनशक्तिलाई उपयुक्त क्षेत्रमा आबद्ध गराउने उद्देश्यसहित मेलाको आयोजना गरिएको हो ।

विर्तामोडस्थित अतिथि सदनमा सुरु भएको दुईदिने मेलाको आज विर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतारा प्रसाईं र विर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले संयुक्त रूपमा उद्घाटन गरे । समारोहमा रोजगार सिर्जना र स्वरोजगार प्रवर्द्धनका लागि स्थानीय तह, निजी क्षेत्र र सरोकार भएका विभिन्न संस्थाबीच सहकार्य आवश्यक रहेकामा जोड दिइएको थियो ।

कार्यक्रममा विर्तामोड नगरपालिकाका प्रवक्ता एवं वडा नं १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, वडा नं २ का वडाध्यक्ष किशोर पौडेल, विभिन्न संघसंस्थाका प्रतिनिधि, उद्योगी, व्यवसायी तथा रोजगारी खोजिरहेका युवायुवतीको सहभागिता थियो । मेलामा विभिन्न क्षेत्रका रोजगारदाताले आफ्ना कक्ष (स्टल) मार्फत उपलब्ध रोजगारी, आवश्यक योग्यता, सीप विकासका अवसर तथा संस्थागत गतिविधिबारे जानकारी प्रदान गरिरहेका छन् ।

रोजगारदाताका स्टलमा सहभागीहरूले आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव र रुचीअनुसार रोजगारीका सम्भावनाबारे जानकारी लिने तथा आवश्यक परे आवेदनसमेत दिनसक्ने व्यवस्था मिलाइएको नगरपालिकाका प्रवक्ता पाण्डेले जानकारी दिए । मेलाले स्थानीयस्तरमा उपलब्ध अवसरबारे जानकारी अभावका कारण बेरोजगार रहनुपर्ने अवस्थालाई न्यूनीकरण गर्न सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । मेलामा रोजगारसम्बन्धी सेवामूलक कक्षहरू पनि सञ्चालनमा छन् । रोजगार सेवा केन्द्र, प्राथमिक उपचार केन्द्र र सोधपुछ कक्षमार्फत सहभागीलाई आवश्यक जानकारी तथा सहजीकरण प्रदान गरिएको छ । मेलामा आउने सेवाग्राहीलाई रोजगारीका अवसर, सीप विकाससम्बन्धी कार्यक्रम र रोजगारसम्बन्धी सरकारी सेवाबारे जानकारी दिने व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

उद्योगी, व्यवसायी र सरोकार भएका निकायका प्रतिनिधिबीच अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको छ । अन्तरक्रियामा स्थानीय श्रम बजारको अवस्था, दक्ष जनशक्ति उत्पादन, निजी क्षेत्रका आवश्यकता तथा स्थानीय तहको भूमिकाबारे छलफल गरिएको नगरपालिकाका प्रवक्ता पाण्डेले बताए ।

सहभागीहरूले सीपमूलक तालिमलाई बजारको मागसँग जोड्नुपर्ने, युवा जनशक्तिलाई स्वदेशमा रोजगारीका अवसर उपलब्ध गराउनुपर्ने तथा रोजगार प्रवर्द्धनका कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने धारणा राखेका छन् ।

विर्तामोड उद्योग वाणिज्य सङ्घको सहकार्यमा सञ्चालन भएको रोजगार मेलाले स्थानीय तहमा रोजगारसम्बन्धी सूचना प्रवाह, निजी क्षेत्रसँगको समन्वय र बेरोजगार युवालाई अवसरसँग जोड्ने माध्यमका रूपमा काम गर्ने विश्वास गरिएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ